
# लेखापरीक्षण प्रतिवेदन

# तामाकोशी गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तामाकोशी गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/520

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दोलखा।

## कैफियतसहितको राय

हामीले तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले पेस गरेको एकीकृत वित्तीय विवरण ( म.ले.प.फा.न.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ८८ लाख ११ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२ करोड १० लाख ३४ हजार,

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९ लाख ६० हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ७८ लाख १९ हजार समेत गरी रु.१४ करोड ८६ लाख २४ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु.१ अर्ब ३० करोड ८३ लाख ९८ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ९० लाख २३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रू.२ करोड ३ लाख १३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३३ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु. ५० लाख ५१ हजार समेत यो वर्षको जम्मा बेरुजु रु. ८७ लाख १० हजार रहेको छ।पालिकाको गत वर्षसम्म रु. १४ करोड ३९ लाख ४ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.४ लाख २७ हजार सम्परीक्षणबाट फस्यौंट भई रु.१४ करोड ३४ लाख ७७ हजार बाँकी रहेकोमा यो वर्ष रु. ८७ लाख १० हजार थप भई हालसम्मको अद्यावधिक बेरुजु रु. १५ करोड २१ लाख ८७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।
लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तामाकोशी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तामाकोशी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका,गाउँपालिका अध्यक्ष र

प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th rowspan="3">प्रतिक्रियाबाट थप बेरुजु रकम</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>असुल गर्नु पर्ने</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेस नभएको</th><th>जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th>पेस्की</th></tr>
<tr><td>६०</td><td>५५</td><td>२,९०,२३,४५०</td><td>०</td><td>३३</td><td>२,०३,१३,५२१</td><td>०</td><td>६०</td><td>२२</td><td>८७,०९,९२९</td><td>२,७३,१२८</td><td>५०,५१,२२९</td><td>३३,८५,५७३</td><td>०</td><td>०</td><td>८४,३६,८०२</td><td>०</td></tr>
</table>

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | मेनुअल टिप्पणीबाट फस्यौंट | नाम्स प्रणालीबाट फस्यौंट | यो वर्ष जम्मा फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| दोलखा | १४,३९,०४,९९२ | ० | ३,८२,६२० | ४४,५८५ | ४,२७,२०५ | १४,३४,७७,७८७ | ० | ८७,०९,९२९ | १५,२१,८७,७१६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५६ | बढी भुक्तानी | ४४,५८५ |
| २ | २०८०/८१ | ६० | सामुदायिक सिकाइ केन्द्र | ७,५०,००० |
| ३ | २०८०/८१ | ४२.३ | भिरकोट झुले छौंडे देउराली सडक | ५,४३,०४९ |
| ४ | २०८०/८१ | ४१ | बिमा तथा जमानत | ३,३८,३९७ |
| ५ | २०८०/८१ | ३६ | प्रोत्साहन भत्ता | १४,९८,२२८ |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ७१.३ | प्रदेश ससर्त कार्यक्रम तर्फ | २६,०१० |
| ७ | २०८०/८१ | २९ | निकाशी कर | २३,९३,७१० |
| ८ | २०८०/८१ | ४४ | गैर सरकारी संस्थालाई भुक्तानी | १५,०६७ |
| ९ | २०८०/८१ | ४३.१,४३.२ | १० शय्या आधारभूत अस्पताल निर्माण | १,२२,६४,६१६ |
| १० | २०८०/८१ | ७०.२,७०.३,७०.४ | हेफर प्रोजेक्ट नेपाल | २४,८४,४४४ |
| ११ | २०७५/०७६ | १४.४.१ | क्रसर उद्योगबाट घटी निकासी कर असुली ( मेनुअल विधिबाट सम्परीक्षण गरिएको) | ३,८२,६२० |
| १२ | २०७५/०७६ | १४.४.३ | क्रसर उद्योगबाट घटी निकासी कर असुली यकिन हुनुपर्ने सैद्धान्तिक बेहोरा ( मेनुअल विधिबाट सम्परीक्षण गरिएको) | ० |
| जम्मा | | | | २,०७,४०,७२६ |

# (८०३२२३५०३३०० - तामाकोशी गाउँपालिका, दोलखा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्धेश्य रहेको छ । कुल क्षेत्रफल १५३.०६ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ७, सभा सदस्य संख्या ३९ र जनसंख्या १५१६३ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको थियो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।२ देखि २०८१।९।६ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय तर्फ रु.६३८३८०९१८।०० र व्यय तर्फ रु.६७००१७११४।०० गरी जम्मा रु.१३०८३९८०३२।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४३५९४१।५५ असुल भई दाखिला प्रमाण पेस भएको छ ।

| क्र. सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा लगत कट्टा फिर्ता नेपाल बैंक लिको भौचर नम्बर ८७०९८५० मिति २०८१।९।८ तथा कारोबार संकेत २०८१-६१७९४३५ बाट संघीय संचित कोष दाखिला रु... | १६३८२३.३८ |
| २ | मिति २०८१।९।९ गते लक्ष्मी सनराइज बैंकमा गत आर्थिक वर्षको नगद राजस्व कारोबार संकेत ३७८१२०१०७७ बाट स्थानीय संचित कोष दाखिला रु... | ८९४.१७ |
| ३ | मिति २०८१।९।४ गते लक्ष्मी सनराइज वैंकमा गत आवको नगद राजस्व कारोबार संकेत ३७८१२०१०४१ बाट स्थानीय संचित कोष दाखिला रु... | ५५ |
| ४ | मिति २०८१।९।९ गते लक्ष्मी सनराइज बैंकमा गत आवको नगद राजस्व कारोवार संकेत ३७८१२०१०५१ बाट स्थानीय संचित कोष दाखिला रु... | ५०० |
| ५ | मिति २०८१।०९।१९ गते मेन्टरिङको बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको राजस्व दाखिला फारम नं ८११०१९९ बाट राजस्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | ६७९९ |
| ६ | मिति २०८१।०९।२१ गते पाठ्यपुस्तकको बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको राजस्व दाखिला फारम नं. ८११२१०३ बाट वेरुजु शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | ९६०३ |
| ७ | मिति २०८१।०९।२१ गते पाठ्यपुस्तकको बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको राजस्व दाखिला फारम नं. ८११०१६४ बाट राजस्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | १५४६४ |
| ८ | मिति २०८१।०९।२२ गते छात्रवृत्ति रकम बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको राजस्व दाखिला फारम नं. ८११०१८६ बाट राजस्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | २८०० |
| ९ | मिति २०८१।०९।२२ गते पाठ्यपुस्तकको बढी भुक्तानीबापत रकम नेपाल बैङ्क लि चरिकोटको राजस्व दाखिला फारम नं. ८११०१८८ बाट राजस्व शीर्षक नं १५१११ मा संघीय सञ्चित कोषमा दाखिला भएको रु... | ३२९०३ |
| १० | स्थानीय राजस्व खातामा रसिद नं२६४ मिति २०८१।१०।२९ गते १७ जनाको बढी भुक्तानी बेरुजु दाखिला रु... | २०३१०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको पालिकाले उपलब्ध गराएको आ.व ०८०।०८१ को एकीकृत आर्थिक विवरण अनुसूची-३ निम्न बमोजिम रहेको छ।

| क्र सं | आय | | क्र सं | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | ७२४५०७३५।४७ | १. | चालु (खर्च तथा फिर्ता) | ३४८३९२२३३।७ |
| | सञ्चित कोष | ५४२८५२५८।१२ | २. | पुँजीगत (खर्च तथा फिर्ता) | १६६६७९४५५।६२ |
| | धरौटी खाता | ७५८१७६५।२५ | ३. | धरौटी फिर्ता (खर्च तथा फिर्ता) | २३६१४४७।२५ |
| | प्रकोप व्यवस्थापन | ५३५४३४३। | ४. | कोष खर्च | ९४०४६४९।०६ |
| | विभाज्य कोष | १४२८४४१। | | विविध कोष खाता | ११४१५०। |
| | विविध कोष | ३५५२८६६। | | आकस्मिक कोष | १२००००। |
| | आकस्मिक कोष | २४८०६२।१ | | विविध खर्च खाता | ३०८३७२०। |
| २. | यस वर्षको धरौटी आम्दानी | ७५८१७६५।२५ | | प्रकोप व्यवस्थापन कोष | ५८९९३०। |
| ३. | आन्तरिक राजस्व आम्दानी | १०३१०५४७२।६९ | | विभाज्य कोष | ५४९६८४९।०६ |
| | आन्तरिक राजस्व | ११२६५३३९।०५ | ५. | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | १४८६२४३२७। |
| | राजस्व बाँडफाँट प्रदेश सरकार | १५३७२३८४।८८ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९६००००। |
| | राजस्व बाँडफाँट संघीय सरकार | ७३३४२५३९।७ | | सामाजिक सुरक्षा संरक्षण | १०८८१११७८। |
| | राजस्व बाँडफाँट स्थानीय सरकार | ३१२५२०९।०६ | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २१०३४१७३। |
| ४ | संघीय सरकारबाट प्राप्त अनुदान | ३३३५४१६५८।३८ | | पर्यटन पूरवाधार विकास कार्यक्रम | १७८१८९७६। |
| | वित्तीय समानीकरण अनुदान | १०७०४३०००। | ६. | गत आ.व. मा सञ्चित कोषमा फरक परेकोले सञ्चित कोषको भौ नं १२४ अनुसार समायोजन | |
| | ससर्त अनुदान पुंजीगत | ६०२२४५२। | ७. | मौज्दात | ४०८३३३८८।७५ |
| | ससर्त अनुदान चालु | २१३०१६३४३।३८ | | सञ्चित बैंक मौज्दात | १५५१८७९१। |
| | समपुरक अनुदान | ७४५९८६३। | | धरौटी मौज्दात | १००५१५३६।१२ |
| | विशेष अनुदान | ०। | | विविध कोष खाता | ७७३९८३५।९८ |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३६९०७५५४। | | विविध खर्च खाता | २३७०४०। |
| | वित्तीय समानीकरण अनुदान | ११९७६०००। | | प्रकोप व्यवस्थापन कोष | ४७६४४१३। |
| | ससर्त अनुदान चालु | १३९५४६६२। | | विभाज्य कोष | २३९३७१०।५५ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ससर्त अनुदान पुँजीगत | ३१५५४३८। | | आकस्मिक कोष | १२८०६२।१ |
| | समपुरक अनुदान | ७८२१४५४। | | | |
| | विशेष अनुदान | ०। | | | |
| ६. | विभिन्न कोष तथा खर्च खाता तर्फको आय | १४०८३९९८।५९ | | | |
| | विविध कोष खाता | ४३०१११९।९८ | | | |
| | विविध खर्च खाता | ३३२०७६०। | | | |
| | प्रकोप व्यवस्थापन कोष | ०। | | | |
| | विभाज्य कोष | ६४६२११८।६१ | | | |
| ७. | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | १४८६२४३१७। | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९६००००। | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १०८८१११७८। | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २१०३४१६३। | | | |
| | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १७८१८९७६। | | | |
| | जम्मा | ७१६२९५५०१।४ | | जम्मा | ७१६२९५५०१।४ |

३ **फरक जिम्मेवारी:-**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ७६१०३७८६.४७ मौज्दात रहेकोमा यो वर्ष रु. ७२४१९१५४.९७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३६८४६३१.५० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी पेस गर्नुपर्दछ। यस सम्बन्धमा गत विगतको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा आ व २०७९।८० मा रु. ८९९९५०९।०० घटी जिम्मेवारी सारेको जनाइएको छ । यस आर्थिक वर्षमा देखिएको फरक गत आ.व. मध्येकै रहेको कार्यालयको जिकिर रहेको छ । यस सम्बन्धमा कार्यालयले यकिन गरी यथार्थ विवरण तयार गरी पेस गर्नुपर्दछ ।

४ **वित्तीय विवरणको यथार्थता:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) निम्नबमोजिम रहेको छ ।

| क्र.सं / आर्थिक संकेत | विवरण | चालु आ.व.को कारोबार | | | गत आ.व.को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राज्श्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,७२,५५,८८५.९७ | ०.०० | ८,७२,५५,८८५.९७ | २,८६,३९,४१९.५३ | ०.०० | २,८६,३९,४१९.५३ |
| १३००० | अनुदान | ३७,०४,५०,२१२.३८ | ०.०० | ३७,०४,५०,२१२.३८ | ४२,००,०१,४३०.०० | ०.०० | ४२,००,०१,४३०.०० |
| १४००० | अन्य राजश्व | १,८५,१६,३५८.९६ | ०.०० | १,८५,१६,३५८.९६ | ३,४३,६२,०८९.५३ | ०.०० | ३,४३,६२,०८९.५३ |
| १५००० | विविध प्राप्ति | १,४९,७८९.०० | ०.०० | १,४९,७८९.०० | ०.०० | ०.०० | ०.०० |
| क | **कुल जम्मा प्राप्ति** | ४७,६३,७२,२४६.३१ | | ४७,६३,७२,२४६.३१ | ४८,३०,०२,९३९.०६ | | ४८,३०,०२,९३९.०६ |
| ३ | चालु | ३४,८३,९२,२३३.७४ | ०.०० | ३४,८३,९२,२३३.७४ | ३७,०२,२४,२१९.०० | ०.०० | ३७,०२,२४,२१९.०० |
| २१००० | पारिश्रमिक / सुविधा | २२,९४,५०,०९८.१४ | ०.०० | २२,९४,५०,०९८.१४ | २३,०२,५४,९२९.४९ | ०.०० | २३,०२,५४,९२९.४९ |
| २२००० | माल सामान तथा सेवाको उपयोग | १०,९७,८९,८१५.६० | ०.०० | १०,९७,८९,८१५.६० | १२,६२,३२,७८४.५१ | ०.०० | १२,६२,३२,७८४.५१ |
| २५००० | सहायता (Subsidy) | २४,९५,८८१.०० | ०.०० | २४,९५,८८१.०० | ९,५०,०००.०० | ०.०० | ९,५०,०००.०० |
| २६००० | अनुदान | ४,२३,४००.०० | ०.०० | ४,२३,४००.०० | २४,२७,८००.०० | ०.०० | २४,२७,८००.०० |
| २७००० | सामाजिक सुरक्षा | ३५,३०,६४९.०० | ०.०० | ३५,३०,६४९.०० | ५५,२७,०१०.०० | ०.०० | ५५,२७,०१०.०० |
| २८००० | अन्य खर्च | २७,०२,३९०.०० | ०.०० | २७,०२,३९०.०० | ४८,३१,६९५.०० | ०.०० | ४८,३१,६९५.०० |
| ४ | पूंजीगत | १६,६६,७९,४५५.६२ | ०.०० | १६,६६,७९,४५५.६२ | २०,७५,६५,०४८.०० | ०.०० | २०,७५,६५,०४८.०० |
| ३१११० | भवन तथा संरचना | १,२२,३६,२३१.०० | ०.०० | १,२२,३६,२३१.०० | ३४,६०,४७८.०० | ०.०० | ३४,६०,४७८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा फिक्चर्स | १४,४७,४१५.०० | ०.०० | १४,४७,४१५.०० | ७३,५५,०६९.०० | ०.०० | ७३,५५,०६९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ०.०० | ०.०० | ०.०० | ४,८०,०००.०० | ०.०० | ४,८०,०००.०० |
| ३११४० | सुरक्षा उपकरण | ०.०० | ०.०० | ०.०० | २,५०,०००.०० | ०.०० | २,५०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | १५,०९,८५,२९४.६२ | ०.०० | १५,०९,८५,२९४.६२ | १९,४५,८६,४०४.०० | ०.०० | १९,४५,८६,४०४.०० |
| ३११६० | निर्मित संरचना को सुधार खर्च | २०,१०,५१५.०० | ०.०० | २०,१०,५१५.०० | १४,३३,०९७.०० | ०.०० | १४,३३,०९७.०० |
| ख) | **कुल जम्मा** | ५१,५०,७१,६८९.३६ | | ५१,५०,७१,६८९.३६ | ५७,७७,८९,२६७.०० | | ५७,७७,८९,२६७.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **भुक्तानी** | | | | | | |
| ग) | बचत/कमी(ग= क-ख) | (३,८६,९९,४४३.०५) | | (३,८६,९९,४४३.०५) | (९,४७,८६,३२७.९४) | | (९,४७,८६,३२७.९४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौजदात को थपघट | ७०,६३,२४६.९० | | ७०,६३,२४६.९० | ८०,५७,९१३.६० | | ८०,५७,९१३.६० |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाँकि | | | | (६५,५७४.००) | | (६५,५७४.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/कमी) (ङ =ग+घ) | (३,१६,३६,१९६.१५) | | (३,१६,३६,१९६.१५) | (८,६७,२८,४१४.३४) | | (८,६७,२८,४१४.३४) |
| च) | गत आ.व.को नगद तथा बैक मौज्दात | ७,२४,१९,१५४.९७ | | ७,२४,१९,१५४.९७ | १५,९१,४७,५६९.३१ | | १५,९१,४७,५६९.३१ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. को बाँकी नगद तथा बैङ्क मौज्दात( ज= ङ+च+छ) | ४,०७,८२,९५८.८२ | | ४,०७,८२,९५८.८२ | ७,२४,१९,१५४.९७ | | ७,२४,१९,१५४.९७ |

उपर्युक्त वित्तीय विवरणमा देहाय बमोजिमको CGAS मार्फत खर्च गरिने अन्तरसरकारी कारोवार SuTRA मा समावेश नहुने हुँदा उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

| सि नं | विवरण | निकासा / खर्च |
|---|---|---|
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९,६०,०००.०० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १०,८८,११,१७८.०० |
| ३ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २,१०,३४,१७३.०० |
| ४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १,७८,१८,९७६.०० |
| जम्मा | | १४८६२४३२७.०० |

तसर्थ: तालुक निकायले सबै आर्थिक कारोबार सुत्र मार्फत हुने गरी सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ बजेट पेश, पारित र अख्तियारी:-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट

पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मिति २०८०।०३।०९मा रु.७२करोड ३ लाख ४१ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा समिति:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **क्षेत्रगत बजेट तथा खर्च:-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ६,२६,४७,४००.०० | २,८३,२८,४४५.८० | ५.४९ |
| २ | पूर्वाधार विकास | २०,२२,६६,७८५.०० | ११,६०,५९,२२७.८२ | २२.५३ |
| ३ | सामाजिक विकास | ३३,०६,२५,०००.०० | २७,८५,५९,५४२.९८ | ५४.०८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४,०४,०३,३६५.०० | २,५०,८८,९०१.०० | ४.८८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८,४४,३५,८५०.०० | ६,७०,३५,५७१.७६ | १३.०२ |
| जम्मा | | ७२,०३,७८,४००.०० | ५१,५०,७१,६८९.३६ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी (४५.८९ प्रतिशत) सामाजिक विकासमा रु ३३ करोड ०६ लाख विनियोजन भएको छ भने उक्त क्षेत्रमा बजेटको तुलनामा खर्च ८४.२५ भएको देखिन्छ सो अंक कुल खर्चको ५४.०८ प्रतिशत हुन आउँछ ।सबैभन्दा कम विनियोजन संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनमा ४ लाख ०४ हजार (५.६१ प्रतिशत) बजेट विनियोजन भएको छ भने उक्त विनियोजित बजेटको ६२.१० प्रतिशत खर्च भएको देखिन्छ ।आर्थिक विकास क्षेत्रतर्फ विनियोजित बजेटको तुलनामा ४५.२१ प्रतिशत मात्र खर्च हुन सकेको देखिन्छ ।पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

८ **खर्च विश्लेषण:-**

पालिकाले यस वर्ष राजस्व बाँडफाँट तथा अन्यबाट रु. ९४७३८०४६।००, अनुदानबाट रु.३७०४५०२१२।३८ र आन्तरिक आयबाट रु.१११८३९८८।०० समेत रु.४७,६३,७२,२४६।३१ आम्दानी गरेकोमा चालु तर्फ रु. ३४८३९२२३३।७४ र पूँजीगत तर्फ रु. १६६६७९४५५।६२ गरी जम्मा रु. ५१५०७१६८९.३६ खर्च भएको छ ।कुल चालु पूँजी खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१७ प्रतिशत रहेको छ । त्यस्तै, यसवर्ष पदाधिकारी सुविधामा रु ८६०८२८२।०० खर्च भएको छ जुन आन्तरिक आयको ७६.९६ प्रतिशत रहेको छ । पालिकाबाट भएको खर्च मध्ये ६७.६४ प्रतिशत चालु र ३२.३६ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको

देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| विवरण | खर्च रकम रु. | राजस्व बाँडफाँटबाट प्राप्त आम्दानी रु. ९४७३८०४६.०० सँग तुलना | आन्तरिक आयबाट रु.१११८३९८८। सँग तुलना |
|---|---|---|---|
| चालु | ३४८३९२२३३.७४ | २७.१९ | ३.११ |
| पूँजीगत | १६६६७९४५५.६२ | ५६.८३ | ६.७१ |
| जम्मा खर्च | ५१५०७१६८९.३६ | १८.३९ | २.१७ |

९ **त्रैमासिक प्रगतिः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ उपनियम (२) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्नानुसार छ ।

त्रैमासिक खर्च विवरण

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३४८३९२२३३।७४ | ७९२६५७३९।११ | ६६२१५३३६।३२ | ७७०९८४६९।०५ | १२५८१२६८९।२६ | ९४५०४७९६।४४ |
| पुँजीगत खर्चतर्फ | १६६६७९४५५।६२ | २९१४७९०२। | ८०८५७९०। | ५२२२४४६७।७९ | ७७२२१२९५।८३ | ३५४४१०८८।८३ |
| जम्मा | ५१५०७१६८९।४ | १०८४१३६४१।१ | ७४३०११२६।३२ | १२९३२२९३६।८ | २०३०३३९८५।०९ | १२९९४५८८५ |
| प्रतिशत | १०० | २१.०४ | १४.४२ | २५.१३ | ३९.४१ | २५.२२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.५१ करोड खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १० करोड ८४ लाख (२१.०४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७करोड ४३लाख (१४.४२प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१२ करोड ९३ लाख (२५.१३ प्रतिशत) र २० करोड ३० लाख (३९.४१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१२ करोड ९९ लाख (२५.२२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने भएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **सेवा प्रवाहः-**

पालिकाले पंजीकरणतर्फ आर्थिक वर्ष २०८०।८१ मा निम्न बमोजिमको सेवा प्रवाह गरेको विवरण पेस गरेको छ ।

| सेवाको किसिम | वडाको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वडा न. १ | वडा न. २ | वडा न. ३ | वडा न. ४ | वडा न. ५ | वडा न. ६ | वडा न. ७ | जम्मा |
| नागरिकता सिफारिस | ३६ | ५० | ६५ | ३४ | ४९ | ७३ | ४८ | ३५५ |
| घरबाटो सिफारिस | ६ | - | ५ | १५ | ८ | १२ | ५ | ५१ |
| नाता प्रमाणित | २० | २८ | १८ | २० | २७ | १४ | १९ | १४६ |
| घटना दर्ता | ६१ | ४५ | ८० | ९५ | ८० | ११५ | ३७ | ५१३ |
| अन्य सेवा | ८१ | ५३ | ६३ | २०२ | ३६ | ६० | ३९ | ५३४ |
| जम्मा | २०४ | १७६ | २३१ | ३६६ | २०० | २७४ | १४८ | १५६९ |

त्यस्तै पालिकाले निर्माण कार्यसम्बन्धमा देहायअनुसार कार्य गरेको विवरण पेस गरेको छ।

| विवरण | परिमाण( कि मि वा लाभान्वित घरधुरी) | खर्च | कैफियत |
|---|---|---|---|
| पूर्वाधार विकास सडक निर्माण | १.८५ किमि नयाँ ट्र्याक खोलिएको तथा २५ वटा सडक स्तरोन्नति | २,०२,४६,८३९.५६ | |
| कालोपत्रे सडक निर्माण | ० | ० | |
| कालोपत्रे सडक मर्मत | ० | ० | |
| ग्राभेल सडक निर्माण | ० | ० | |
| ग्राभेल सडक मर्मत | ० | ० | |
| खानेपानी | ३१० वटा | १,०८,५१,३५३.०४ | |
| सिंचाई | २० वटा | ५०,०४,९७७.५६ | |

पालिकाले सबै क्षेत्रको सेवाप्रवाहको स्पष्ट अभिलेखीकरण गरी बजेट तथा नीति बनाउने समयमा आधारका रुपमा लिई प्रयोग गर्नुपर्दछ ।

## ११ **रकमान्तर:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको गाउँसभाको मिति २०८० पौष २३ गते बसेको बैठकले चालु तथा पूँजीगत तर्फका विभिन्न ५८ कार्यक्रममा संशोधन गरी रु. १०१५३८००।०० रकमान्तर गरेको छ जुन कुल बजेट रु.७२०३४१४००।०० को १.४ प्रतिशत हुन आउँछ। जसमध्ये रकमान्तरतर्फ चालु प्रकृतिको कार्यक्रम संशोधन गरी १८ वटा चालु कार्यक्रमलाई २३ वटा चालु र ४ वटा पूँजीगत कार्यक्रम संशोधन गरी रकमान्तर गरेको देखिन्छ भने १६ वटा पूँजीगत प्रकृतिका कार्यक्रमलाई २७ वटा पुँजीगत कार्यक्रममा संशोधन गरी रकमान्तर गरेको देखिन्छ । उदाहरणको रुपमा चालु प्रकृतिको कार्यक्रम मसलन्द तथा कार्यालय सामाग्रीको कुल विनियोजित बजेट रु.४५००००।०० मध्येबाट पुँजी प्रकृतिको कार्यक्रम जोगी गाउँ भीरखर्क सडक कार्यक्रममा रु.३०००००।०० रकम रकमान्तर गरेको देखिन्छ । त्यस्तै पुँजीगत प्रकृतिको कार्यक्रम समग्र खानेपानी योजनाको विनियोजित बजेट रु.१००००००।०० मध्ये पुँजीगत प्रकृतिको कार्यक्रमहरु खुलेदेउराली पदमार्ग मा रु.४०००००।०० र तल्लोहाँवा कालिका पदमार्ग मा रु.६०००००।०० रकम रकमान्तर गरेको देखिन्छ। यसरी चालु रहेको आर्थिक वर्षको बीचमा बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दिगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना,

मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

१२ **आवधिक योजना:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण:-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १६७ योजनामा बजेट खर्च गरेको छ।

| | रु.१ लाख सम्म | रु.१ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि २० लाखसम्मका | रु. २०लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| वडा स्तरीय | २ | १३२ | ३० | - | १६४ |
| गा.पा.स्तरीय | - | - | २ | १ | ३ |
| जम्मा | २ | १३२ | ३२ | | १६७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **बैँक हिसाब भिडान:-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक नदेखिएको बेहोरा देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १५५१८७९१.९० | १५५१८७९१.९० | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १८५१६०.०० | १८५१६०.०० | ० |
| विपद व्यवस्थापन खाता | ४७६४४१३.०० | ४७६४४१३.०० | ० |
| स्थानीय विभाज्य कोष | २३९३७१०.५५ | २३९३७१०.५५ | ० |
| विविध कोष खाता | २९१९७१५.९८ | २९१९७१५.९८ | ० |
| धरौटी | १००५१५३६.१२ | १००५१५३६.१२ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ० | ० | ० |

१५ **फरक हिसाब:-**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३१५८०.५० , यस वर्षको प्राप्ति रु. १६७४७२५२०.६२ यस वर्षको भुक्तानी रु. १६०३९०४२३.२९२ बैङ्क मौज्दात रु. ५०४३०.९३फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | यस वर्षको प्राप्ति | जम्मा प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात | प्राप्ती र भुक्तानी बीचको फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प. फा.नं. २७० )** | ७२४१९१५४.९७ | ७०६३२४६.९ | ४७६३७२२४६.३१ | ५५५८५४६४८.१८ | ५१५०७१६८९.३६ | ४०७८२९५८.८२ | ४०७८२९५८.८२ | बैङ्क मौज्दात र प्राप्ति र भुक्तानी बीचको फरक बराबर नभएको ले म लेप फा नं २७० बाट धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट रकमप्राप्ति जोडेर बैङ्क मौज्दातसँग बराबर गरिएको। |
| **एकीकृत आर्थिक विवरण अनुसार** | ७२४५०७३५.४७ | ०. | ६४३८४४७६६.९३ | | ६७५४६२११२.६५ | ४०८३३३८९.७५ | ४०८३३३८९.७५ | एकीकृत आ वि मा प्राप्ति र भुक्तानीतर्फ कोषको रकम पनि जोडिएकोले रकम मा शून्य राखिएको। |
| **फरक** | ३१५८०.५ | ७०६३२४६.९ | १६७४७२५२०.६२ | ५५५८५४६४८.१८ | १६०३९०४२३.२९ | ५०४३०.९३ | ५०४३०.९३ | |

१६ **आगामी वर्षलाई जिम्मेवारी सारेको :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ

। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ९५८४६५५७।०० का १० वटा योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | क्रमागत योजनाहरू | फर्मको नाम र फर्म नं. | सम्झौता रकम | हाल सम्मको भुक्तानी रकम | भुक्तानी हुन बाँकी जम्मा रकम | गाउँपालिका वाट | प्रदेश/संघ वाट | सम्पन्न हुनुपर्ने मिति( म्याद थप सहित म्याद थप भएको भए ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मालु पम्पसेट सिँचाई योजना- ३, मालु | Sun Bridge Solar Nepal (03/TRM/NCB/Works /2077-078) | ३५८८५५२ | ४०१४७७ | ३१८७०७५ | ३१८७०७५ | ० | २०८०।०३।३० | म्याद सकिइ सकेको र काम नभएको |
| २ | चारधाम मन्दिर निर्माण वडा नं. १ भिरकोट | नुम्बुर हिमाल कन्ट्रक्सन कम्पनी 07/TRM/NCB/Works/R /2078-79 | २७८५२९१ | ११०६९१८ | १६७८३७३ | १६७८३७३ | ० | २०८०।०३।३० | म्याद सकिइसकेको र काम भएको |
| | | आ.व:- २०७९।८० | | | | | | | |
| ३ | भिरकोट छौडे देउराली सडक | Pradej- Bhimeshwor JV(04/TRM/NCB/Works/R /2079-080-81) | ३१४०८३६४ | २७५२०५५ | २८६५६३०९ | १४३२८१५५ | १४३२८१५५ | | संघीय समपूरक ( काम भएरहेको) |
| ४ | तामाकोशी सितापाईला छौँडे देउराली सडक | Dimun Construction (02/TRM/NCB/Works/R /2079-080) | 96,94,621.83 | ९४३२३२६ | ० | ० | ० | २०८०।०९।२० | प्रदेश समपूरक ( काम सम्पन्न) |
| ५ | देउराली जंघारे सडक स्तरोन्नति | Dimun Construction (03/TRM/NCB/Works/R /2079-080) | 95,14,889.49 | ९४७६६१८ | ० | ० | ० | २०८०।०९।२० | प्रदेश समपूरक (काम सम्पन्न) |
| ६ | फेदीटावर जोरमाने सडक स्तरोन्नती | Dimun Construction (04/TRM/NCB/Works/R/2079-080) | 94,60,287.85 | ९०७३२२७ | ० | ० | ० | | प्रदेश समपूरक ( काम सम्पन्न) |
| ७ | १० शैय्या आधारभूत अस्पताल भवन निर्माण | प्रतिस्ठा प्रेरे जे.भी. काठमाणडौ ( 13/TRM/NCB/HB /2077-078) | १४५७०४३४० | ८७८२६०१६ | ५७८७८३२४ | | | २०८०।०९।१४ | म्याद थप भई काम सम्पन्न हुने अवस्थामा रहेको |
| ८ | देउराली जंगारे बाघखोर सडक स्तरोन्नति | A.P. Builders (07/TRM/NCB/Works/R /2078-079) | ७८२७७६२ | ५६६६१३६ | २२२६४७४ | २२२६४७४ | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सडक बोर्ड नेपाल | | १९२०००० | १६००००० | ३२०००० | ३२०००० | | | |
| १० | शहरे वृहत खानेपानी | | १९००००० | ० | १९००००० | १९००००० | | | |
| | | जम्मा | | | ९५८४६५५७ | | | | |

१७ **आन्तरिक नियन्त्रण:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका थप बेहोरा देहायबमोजिम छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो विकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन,

• पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य भएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको देखिएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैँले पालना नगरेको तथा पालना गराएको सम्बन्धी अभिलेख रहेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख राखेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको देखियो,

•सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएबमोजिम ठेक्का प्रक्रिया र भुक्तानी कागजातको अभिलेख व्यवस्थित गरी राखिएको देखिएन,

•सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रयोगको लागि नेपाल सरकारले जिन्सी व्यवस्थापनका लागि अनिवार्य PAMS प्रयोग गर्न दिएको निर्देशनको पालना गरेको देखिएन,

• पालिकाबाट आर्थिक कारोबार गर्दा विद्युतीय प्रणालीमार्फत भुक्तानी गरेको देखिएन,

•इन्धनको लगबुक राखिए पनि प्रमाणित गरेको देखिएन,

•विभिन्न अनुदान वितरणसम्बन्धमा अभिलेख व्यवस्थापन व्यवस्थित गरिएको देखिएन,

•विभिन्न निर्माणका काममा सम्बन्धित विभागको नर्म्स प्रयोग गर्नुपर्नेमा गरेको देखिएन,

•उपभोक्ता समितिमार्फत विभिन्न निर्माणका काममा प्रयोग हुने ढुङ्गा गिट्टीको बिल प्राप्त भएपश्चात सो सामाग्रीको श्रोत खुल्ने तथा सो बापतको राजस्व तिरेको रसिद माग गरी श्रोत सम्बन्धमा स्पष्ट भई प्रमाण संलग्न गरी राख्नुपर्नेमा राखेको देखिएन,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागु गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १८ आन्तरिक लेखापरीक्षण:-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान गर्ने सम्बन्धमा यस पलिकाको आर्थिक वर्ष २०८०।८१ को मिति २०८० चैत्र २६ देखि २०८१ ज्येष्ठ १७ सम्म आर्थिक प्रशासन प्रमुख निलम्बित भई रहनुपर्दा आन्तरिक लेखापरीक्षकबाट आर्थिक कारोबारको जिम्मेवारी सम्हाल्नु परेको कारण लेखापरीक्षणको सिद्वान्त अनुसार आफैँले राखेको श्रेष्ता आफैँ परीक्षण गर्न नमिल्ने तथा आन्तरिक लेखापरीक्षण शाखामा अन्य कर्मचारी नभएको कारण जनाई SuTRA मार्फत खर्च लेखिएको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरे/गराएको छैन ।उक्त अवधि भन्दा अघि पछिको समेत आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखिएन । CGAS मार्फत खर्च लेखिएको आर्थिक कारोबारको कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखाबाट आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा गराएको देखिन्छ।त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । तसर्थ: कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १९ प्रकोप व्यवस्थापन कोष

पालिकामा विपद व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि,२०७८ तयार गरि प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरेको छ ।उक्त कार्यविधिको नियम ९ मा उक्त कोषबाट खर्च गर्न नपाइने विषय वस्तु उल्लेख गरिएको छ ।जस अन्तर्गत प्रशासनिक खर्च तथा दैनिक भ्रमण भत्ता जस्ता चालु प्रकृतिका खर्चमा कोषको प्रयोग गर्न नहुने कुरा उल्लेख गरेको छ ।पालिकाले निम्न गौश्वारा भौचरबाट दैनिक भ्रमण भत्ता लगायतको प्रशासनिक कार्यमा गरेको खर्च नियम सम्मत नदेखिएको रु

| गौ भौ नं र मिति | खर्चको किसिम | खर्च रकम रु. |
|---|---|---|
| ४।०८०।९।१८ | विभिन्न कर्मचारीलाई भ्रमण भत्ता | २६०५० |
| ९।०८१।२।२१ | प्रदेश गोदाम घरबाट सामाग्री ढुवानी | ३३४७० |
| १२।०८१।३।१० | वडामा राहत सामाग्री ढुवानी | ४०५०० |
| १४।०८१।३।१७ | वडास्तरीय विपद प्रतिकार्य तालिम | ९७९१० |
| १५।०८१।३।१७ | बैठक भत्ता | १२००० |
| | जम्मा | २०९९३० |

| | |
|---|---|
| अनियमित भएको | २,०९,९३० |

२० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम (१) वमोजिम अवकाश कोषको व्यवस्था गर्न सक्ने व्यवस्था छ त्यस्तै उपदफा (२) वमोजिम त्यस्तो कोषमा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१५,००,०००।०० ट्रान्सफर गरेकोमा कोष सञ्चालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन भने नियममा भएको व्यवस्था वमोजिम खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बरावरले हुन आउने रकम मात्र थप गर्नुपर्ने व्यवस्था अवलम्वन गरेको पाइएन । नियममा भएको व्यवस्था अवलम्वन गरी अवकाश कोष सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ।

२१ **कानून निर्माण तथा उजुरी व्यवस्थापन :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म २३ वटा ऐन ४ वटा नियमावली ७२ वटा कार्यविधि र ३ वटा निर्देशिका गरि जम्मा १०२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा रहेका छन् ।जस मध्ये १ नियमावली, २५ वटा कार्यविधि र २ वटा निर्देशिका यस आर्थिक वर्षमा तयार भई कार्यान्वयनमा छन् भने ९ वटा कार्यविधि ९ वटा ऐन राजपत्रमा प्रकाशित छन। त्यस्तै पालिकाको न्यायिक समितिमा परेका उजुरी विवाद कारबाही किनारा गरी टुङ्गो लगाउन यो वर्ष २ विवाद दर्ता भएकोमा हालसम्म एउटा फर्स्यौट भई एउटा विवाद उजुरी फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी समयमा टुङ्गो लगाउनुपर्दछ ।

२२ **न्याय सम्पादन:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाको न्यायिक समितिबाट आ. व. २०८०।८१ मा भएको कार्यसम्पादनको अवस्थालाई देहायनुसार उल्लेख गरिएको छ ।

| उजुरीको प्रकार | गत आ.वमा छ्यौंट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्र्यौट | फछ्र्यौट बाँकी | फछ्र्यौट नहुनाको कारण |
|---|---|---|---|---|---|
| चरन घास दाउरा | ० | ० | ० | ० | |
| गाली बेइजति | १ | १ | २ | ० | |
| साध सिमाना | ० | ० | ० | ० | |
| पारिवारिक मेलमिलाप | २ | १ | २ | १ | प्रक्रियामा रहेको |
| ज्याला मजदुरी नपाएको | ३ | ० | २ | १ | प्रक्रियामा रहेको |
| जग्गा भोगचलन सम्बन्धि बिवाद | ० | ० | ० | ० | |
| सामान्य कुटपिट | ० | १ | १ | ० | |

पालिकाको न्यायिक समितिबाट गरिने न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

२३ **खरिद योजना तथा गुरुयोजना:-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६६६७९४५५।०० को पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन ।यस्तो अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम खरिद कार्य गर्नुपर्नेमा वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२४ **ठेक्कामा प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीमार्फत गर्ने कार्यका लागि १५ प्रतिशत ओभरहेड खर्च प्रत्येक आइटमको दररेट विश्लेषणमा समावेश गरिन्छ । पालिकाले १० लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा १७ देखि ७१ प्रतिशत सम्म घटीमा काम गर्ने गरी कबोल भए अनुसार सम्झौता गरी निर्माण कार्य कार्यान्वयन गराएको देखिन्छ। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भनी जनाए तापनि गुणस्तर आश्वस्तता योजना (QAP) पेस गरी सोही बमोजिमको अन्तराल तथा परिमाणमा परीक्षण गराउनुपर्नेमा त्यसो गराएको छैन । न्यून लागतमा कार्य गर्दा तोकिएको गुणस्तरको कार्य हुने अवस्थामा पनि नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा घटी हुने गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण निम्न बमोजिम रहेको छ ।

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | कामको विवरण | **जम्मा रकम** | **सम्झौता (कबोल अंक भ्याट समेत)** | **घटी प्रतिशत** | **शुरु गर्नु पर्ने मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | सम्पन्न अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| 17/TRM/NCB/Goods/T.B. /2080/081 | Jalap Nepal (P) Ltd. | Fabricated Steel Parts for Trail Bridge | ४२००००० | ३५०१६६८।५९ | १७% | २०८१।२।२१ | २०८१।०३।३० | सम्पन्न |
| 16/TRM/NCB/Works/B /2080/081 | New Jagriti Nirman Sewa | Remaining Construction works of Japhe Shaba Hall | ३५७०५०७।७६ | २६११२८८।९६ | २७% | २०८०।११।२२ | २०८१।०३।२० | म्याद थप ०८२/१०/३० भएको र सम्पन्न भैसकेको अवस्था र अन्तिम भुक्तानी बाँकी रहेको |
| 14/TRM/NCB/Works/SQR /2080/081 | Moti Construction | Upgrading works of Khimti Gobardhantar Kalleri Pipaldad Road | १३५१७२७।१० | ८४८४१७।३४ | ३७% | २०८०।१०।२५ | २०८१।०३।२० | सम्पन्न |
| 13/TRM/NCB/Works/SQQ /2080/081 | Moti Construction | Jarepani Tyangthali water supply project | २०००००० | १२४६४२०।७९ | ३८% | २०८०।१०।२५ | २०८१।०३।२० | सम्पन्न |
| 01/TRM/NCB/Works/R /2080/081 | Harka Nirman Sewa | Upgrading Works of Chhautara Kavrepani Hille Rautgaun road | २०००००० | १०५२६८५३।०७ | ४७% | २०८०।०८।२० | २०८१।०३।१५ | सम्पन्न |
| 02/TRM/NCB/Works/R /2080/081 | Bamjan Construction | Upgrading works of Janta School Seto Pahara Thamdeurali road | २०००००० | १०३३०३६९।८२ | ४८% | २०८०।०९।०४ | २०८१।०३।१५ | सम्पन्न |
| 03/TRM/NCB/Works/R /2080/081 | Shuva Shree Nirman Sewa | Upgrading works of Malukhola Dandagaun Phyatal Chhaude road | १०००००० | ५३८३०२९।२० | ४६% | २०८०।०८।२२ | २०८१।०३।१५ | सम्पन्न |
| 04/TRM/NCB/Works/R /2080/081 | Star Construction | Upgrading works of Malukhola Kholapari road | २५००००० | १९००४१६।१७ | ४६% | २०८०।०८।१८ | २०८१।०३।१५ | सम्पन्न |
| 05/TRM/NCB/Works/R /2080/081 | Kalinag Builders and suppliers | Upgrading works of Dandagaun Jogigaun Chhaude Road | ३०००००० | २०८८८६२।८८ | ३०% | २०८०।०९।०२ | २०८१।०३।२० | सम्पन्न |
| 06/TRM/NCB/Works/R /2080/081 | Moti Construction | Upgrading works of Manedada Chhaude road | २५००००० | १३२२६९१।४१ | ४७% | २०८०।०८।२४ | २०८१।०२।१५ | सम्पन्न |
| 07/TRM/NCB/Works/R /2080/081 | New Jagriti Nirman Sewa | Upgrading works of Dude | २५००००० | १४६७३४२। | ४१% | २०८०। | २०८१। | सम्पन्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Basbote Jamune to ward office | | ०६ | | ०८।२१ | ०२।१५ | |
| 08/TRM/NCB/Works/R /2080/081 | Phuyal indra p(ltd) | Upgrading works of Dhade Sitapaila Manedada Chhaude Deurali road | २५००००० | १६१२४९०। २९ | ३६% | २०८०। ०८।२४ | २०८१। ०२।१५ | सम्पन्न |
| 09/TRM/NCB/Works/R /2080/081 | A.B. Engineering Consultant and Construction p(ltd) | Sahare Lifting Khanepani Yojana Tatha Biruwa Dobhan Shahare Samma | २५००००० | १९४७५२९। ८७ | २२% | २०८०। ०८।१९ | २०८१। ०२।१५ | सम्पन्न |
| 15/TRM/NCB/Goods/Medicine /2080-81 | Mansarovar Medihealth Pvt Ltd | Buying and supplying of Medicine and Surgical | ५७५०३५६ | १६४७११८ | ७१% | २०८०। ११।०८ | २०८१। ०३।३० | सम्पन्न |

२५ **अनुदान वितरण :-**

२५.१ **लाभग्राही किसान छनोटको आधार :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम १९. मा आफूले सम्पादन गर्ने काम कारबाहीको प्रकृति अनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकूल नहुने गरी खर्चको मापदण्ड (नर्म्स) बनाउन सक्नेछ व्यवस्था रहेको छ ।लाभग्राही छनोट गर्दा सम्भाव्य लाभग्राहीमा सूचनाको प्रयाप्त पहुँच पुग्ने गरी प्रसारण, छनोटको अंक भार सहित वस्तुनिष्ठ मापदण्ड जसमा कृषि व्यवसाय गर्न आवश्यक जग्गा जमिन, भौतिक पूर्वाधार, व्यावसायिक सीप, क्षमता, अनुभव, तत्परता, उत्सुकता, समाजमा पु-याउने योगदान, गत विगतमा अनुदान नपाएको, तरलता [नगद] को अभाव जस्ता सूचक समावेश गरी अंक भार निर्धारण हुन्छ सो गरी सो अंक भारका आधारमा मूल्याङ्कनको मापदण्ड तयार गरी निष्पक्ष रुपमा लाभग्राही छनौट गर्नु पर्नेमा छनोटको आधार उल्लेख गरेको देखिएन । वडा कार्यालय तथा विषयगत शाखाबाट अनुदान दिँदा प्रयाप्त रुपमा सूचना प्रचार प्रसार गरेको देखिने प्रमाण संलग्न नगरेको तथा छनोटको आधार नखुलाई वडाको कार्यक्रममा वडा सिफारिसमा अनुदान दिएको पाईयो । अनुदान वितरणलाई पारदर्शी, निष्पक्ष र सर्व-स्वीकारयोग्य बनाई अनुगमन मुल्याङ्कन गरी अनुदान रकमको प्रभावकारिता बढाउनु पर्दछ ।

**अनुदानको अनुगमन:-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु लगायतका विभिन्न अनुदानमा रु.७३४१०३४।०० अनुदान खर्च लेखेको छ। जुन सम्बन्धित शीर्षकमा विनियोजित कुल बजेट रु.८५८८०००।०० को ८५.४८ प्रतिशत हो । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ: अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना भए नभएको सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।यस वर्ष अनुदान पाउने लाभग्राही र अनुदान विवरण अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा २५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५.२ **लाभग्राहीको अभिलेख :-** पालिकाले विगत वर्षमा कुन-कुन व्यक्ति, सँस्था तथा लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुनु–कुनु लाभग्राहीलाई के–के अनुदान दिएको हो सोको संस्थागत ,समुहगत तथा व्यक्तीगत पहिचान सहितको व्यवस्थित अभिलेख राखेको छैन । व्यवस्थित अभिलेख नराख्दा एउटै व्यक्ति सँस्थालाई पटक-पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवासुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ । अनुदान रकमको आर्थिक वर्ष अनुसार व्यक्तिगत , समुहगत र संस्थागत पहिचान खुल्नेगरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

२६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि दफा ६० सम्म पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र एकीकृत सम्पत्ति कर र घरजग्गा कर,भुमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर लगायतको कर तथा सेवा शुल्क उठाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर आदि बापत रु.१,५०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु १,११,८३,९८८।२२ अर्थात करिव ७५ प्रतिशत आय गरेको छ । पालिकाले यो वर्ष विभिन्न शीर्षकमा गरेको आय अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | स्रोत समूह | प्राप्तिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अन्तरिक श्रोत | ११३१३ - सम्पतीकर | ० | ५,८०९.३० | |
| २ | अन्तरिक श्रोत | ११३१४ - भुमिकर/मालपोत | २००००००. | ४६३८९१.७६ | २३ |
| ३ | अन्तरिक श्रोत | ११३१७ - वहाल कर | ५०,०००.०० | ५१९५२३.१५ | १०३९ |
| ४ | अन्तरिक श्रोत | ११६११ - व्यवसायले भुक्तानी गर्ने | १०००००. | ० | ० |
| ५ | अन्तरिक श्रोत | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २६७१५५. | |
| ६ | अन्तरिक श्रोत | ११६९१ - अन्य कर | ५००००००. | ६५२७०४९.१२ | १३१ |
| ७ | अन्तरिक श्रोत | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | १९७११७.०८ | |
| ८ | अन्तरिक श्रोत | १४२२४ - परीक्षा शुल्क | ५०,०००.०० | ३९,१००.०० | ७८ |
| ९ | अन्तरिक श्रोत | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ३९,२००.०० | |
| १० | अन्तरिक श्रोत | १४२४२ - नक्सापास दस्तुर | १०००००. | ५०,८५२.६५ | ५१ |
| ११ | अन्तरिक श्रोत | १४२४३ - सिफारिश दस्तुर | २००००००. | ६२१६९२.१४ | ३१ |
| १२ | अन्तरिक श्रोत | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००. | १८७७३०. | १८८ |
| १३ | अन्तरिक श्रोत | १४२४५ - नाता प्रमाणित दस्तुर | १०००००. | ११३६००. | ११४ |
| १४ | अन्तरिक श्रोत | १४२४९ - अन्य दस्तुर | ५४५००००. | ६०६१४१.०२ | ११ |
| १५ | अन्तरिक श्रोत | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १९९९२०. | |
| १६ | अन्तरिक श्रोत | १४२६५ - अन्य क्षेत्रको आय | ० | १०६२२६२. | |
| १७ | अन्तरिक श्रोत | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | १३२१५६. | |
| १८ | अन्तरिक श्रोत | १४६११ - व्यवसाय कर | ० | १,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | अन्तरिक श्रोत | १५१११ - बेरूजु | ५०,०००.०० | १४९७८९. | ३०० |
| जम्मा | | | १५००००००. | १११८३९८८.२२ | ७५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गर्दै आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२७ **उपकरण परिचालनबाट आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाभित्रको सम्पत्तिको संरक्षण, रेखदेख,मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्न सक्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ अनुसार सरकारी सम्पत्तिको जिम्मा,लगत र संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा व्याक हो लोडर जेसिभि रहेकोमा त्यसबाट यस आ.व. मा पालिकालाई रु.३९३४०८।०० आम्दानी भएको विवरण पेस गरेको छ। पालिकामा रहेको उक्त उपकरणको चालक पारिश्रमिक, इन्धन र मर्मत जस्ता खर्चको अभिलेखीकरण गरेको पाइएन। प्राप्त आम्दानी सम्बन्धमा परीक्षण भिडान पनि गरेको नपाइदा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा एकिन हुन सकिएन । अत् यस्ता उपकरण खरिद तथा सञ्चालन गर्दा सञ्चालन कार्यविधि तयार गरि लागत - लाभ विश्लेषणको आधारमा सञ्चालनको आवश्यकता र औचित्ययताको विश्लेषण गरेर मितव्ययी तरिकाले गर्नुपर्दछ ।

२८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,००,०००।०० असुल गर्ने अनुमान गरेकोमा रु.२००९२०।०० सङ्कलन भएता पनि पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गर्दै व्यवसायीहरुलाई करको दायराभित्र ल्याई आन्तरिक श्रोत अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२९ **निकाशी कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,३९३,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **आन्तरिक आयको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

| केन्द्रीय अनुदानबाट खर्च रु हजारमा | आन्तरिक आय रु. हजारमा | आन्तरिक आय केन्द्रीय अनुदान खर्चमा प्रतिशत तुलना |
|---|---|---|
| ३६४६८९ | ११९८३ | ३.०७ |

उपर्युक्त विवरण अनुसार पालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.०७ प्रतिशत मात्र रहेको छ । त्यसैले केन्द्रीय अनुदान प्रतिको निर्भरतालाई न्यूनीकरण गर्न पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरिक राजस्व तर्फ जम्मा रु. १ करोड ११ लाख ८३ हजार आम्दानी गरेकोमा राख्नुपर्ने म.ले.प.फा.नम्बरहरू नराखेको र प्राप्त हुनुपर्ने आम्दानी तथा प्राप्त भएको आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धति नभएकोले प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा एकिन हुन सकिएन । त्यस्तै पालिकाले सेवाग्राहीको विवरण सुत्र सफ्टवेयरमा पोष्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम सङ्कलन गर्ने र पालिका तथा वडाका कर्मचारीहरुले नियमानुसार बैंकमा दाखिला गर्ने गरेको बताएपनि नमुना परीक्षणका क्रममा संकलित रकम समयमानै दाखिला नगरेको पाइयो ।अत वडा तथा पालिकाले राजस्व दाखिला नियमानुसार समयमा नै गरी सोको यथार्थ विवरण राख्ने व्यवस्था गर्नुपर्दछ ।

## ३२ ढुङ्गा,गिट्टी रोयल्टी

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा (१) र (२) मा ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको परिमाण खुल्ने सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, विस्तृत परियोजना प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतको आधारमा सम्बन्धित पालिकाले शुल्क तथा दस्तुर लिई त्यस्तो नदिजन्य पदार्थ उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले मिति २०७९ बैशाख २५ गते खिम्ति-२ हाइड्रो योजनाको हाई हिमाल हाइड्रोद्वारा संचालित पिपुल्स इनर्जीको हाइड्रो आयोजना संचालनका लगि आयोजना क्षेत्र अन्तर्गत पालिका पनि पर्ने हुँदा त्यहाँको ढुङ्गा गिट्टी प्रयोग बापत हाललाई रकम रु.६०,००,०००।०० उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ । सम्झौतामा आयोजनामा प्रयोग हुने नदीजन्य पदार्थहरुको परिमाण प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन आई.ई.ई मा उल्लेख भएअनुसार हुने र हाललाई सो बापत रु.६० लाख बुझाउने गरी सम्झौता गरेकोमा लेखापरीक्षणको क्रममा आई ई ई प्राप्त नभएको र सम्झौतामा परिमाण उल्लेख नभएको र हालसम्म के कति परिमाण उत्खनन् भएको सोको परिक्षण भिडान सम्बन्धी विवरण प्राप्त नभएकोले उत्खनन परिमाण सम्बन्धमा यकिन गर्न सकिएन । उत्खनन परिमाण सम्बन्धमा सम्झौतामा उल्लेख नगर्नु उचित देखिएन । उक्त कम्पनीबाट पालिकाले यस वर्ष रु.४०,२०,०००।०० आम्दानि प्राप्त गरेकोमा उक्त रकम राजस्व खातामा आम्दानि जनाएको छ । उक्त प्रा लि सँग भएको सम्झौता बमोजिम प्राप्त रकम प्रदेशलाई समेत पठाउनु पर्ने गरी प्राप्त भएको हो वा होइन केही प्रष्ट भएको नदेखिएकोले सो सम्बन्धमा एकिन गर्नुपर्दछ । साथै उक्त हाइड्रोटबाट पालिकाले आ.व०७९।०८० मा आम्दानी प्राप्त गरे नगरेको विवरण प्राप्त नभएकोले अब के- कति रकम प्राप्त गर्न बाँकी छ सो को एकिन गरी बाँकी रकम पनि सयममा नै प्राप्त गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ३३ दरवन्दी तथा पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १९ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, कृषि भेटनरी अधिकृत, प्रशासन अधिकृत सहितका पदहरु रिक्त रहेका छन्।त्यस्तै ७ वटा वडामा ४ वटा वडामा मात्र वडा सचिवको पदपूर्ति भएको देखिन्छ । पालिकाले २७ जना कर्मचारीलाई १ वर्ष अवधिका लागि सेवा करारमा नियुक्त गरी आ व २०८०।८१ मा रु.८४७४०८९।०० खर्च गरेको देखिन्छ।दरबन्दी बमोजिम प्रमुख प्रशासकीय अधिकृत लगायतका जनशक्तिको पूर्णता नहुँदा समग्र पालिकाको कार्यक्रम, विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको देखिन्छ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्ने देखिन्छ। कार्यालयबाट प्राप्त दरबन्दी तथा पदपूर्तिको विवरण निम्न बमोजिम रहेको छ

| क्र. सं. | स्वीकृत पद | सेवा समूह | दरबन्दी संख्या | पदपूर्ति | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघबाट समायोजन भई आएका | साबिक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | | |
| पालिका तर्फ | | | | | | | | | |
| १ | प्रमुखप्रशासकीय अधिकृत | प्रशासन | १ | | | | | १ | |
| २ | अधिकृत (आठौँ) | कृषि, भेटेरिनरी | १ | १ | | | ० | १ | रिक्त |
| ३ | ईन्जिनियर ( सातौँ) | ईन्जि. | १ | | १ | | १ | ० | |
| ४ | अधिकृत (आठौँ) | शिक्षा | १ | | १ | | १ | ० | नयाँ पदपूर्ति |
| ५ | अधिकृत (सातौ ) | लेखा | १ | | १ | | १ | ० | नयाँ पदपूर्ति |
| ६ | अधिकृत (छैठौँ ) | प्रशासन | २ | | २ | | ० | २ | नयाँ पदपूर्ति, रिक्त रहेको पदमा लोक सेवा आयोगमा माग भएको |
| ७ | अधिकृत (छैठौँ ) | कृषि, भेटेरिनरी, | १ | १ | | | १ | ० | |
| ८ | अधिकृत (छैठौँ ) | कृषि, बाली | १ | | | | १ | ० | लोक सेवामा आयोगमा माग भएको |
| ९ | आन्तरिकलेखापरीक्षक (पाँचौँ) | प्रशासन | १ | | | | १ | | ० |
| १० | सहायकपाँचौ | प्रशासन | ४ | १ | | | १ | ३ | समायोजन बाट १ जना, रिक्त रहेको पदमा लोक सेवा आयोगमा माग भएको |
| ११ | कम्प्युटरअपरेटर पाँचौ | विविध | १ | | | | ० | १ | रिक्त |
| १२ | लेखा सहायकपाँचौ | प्रशासन | १ | | १ | | ० | १ | रिक्त |
| १३ | प्रा.स., पाँचौ | कृषि, भेटेरिनरी | १ | | १ | | १ | ० | |
| १४ | प्रा.स.पाँचौ | कृषि, ला.पो.डे.डे. | २ | १ | | | १ | १ | समायोजनाबाट १, रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागभएको |
| १५ | प्रा.स., पाँचौ | कृषि बाली | २ | १ | | | १ | १ | रिक्त पदको लागि लोक सेवा आयोगमा माग भएको |
| १६ | प्रा.सचौथो | कृषि | २ | १ | १ | | २ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ला.पो.डे.डे. | | | | | | | | |
| १७ | प्रा.स.चौथो | कृषि भेट | २ | | १ | | १ | १ | रिक्त पदको लागि लोक सेवा आयोगमामाग भएको | |
| १८ | प्रा सचौथो | कृषिबाली | १ | १ | | | १ | ० | | |
| १९ | प्रा स शिक्षा | शिक्षा | १ | | १ | | १ | ० | | |
| २० | हे.अ /सि.अ.हे व | स्वास्थ्य | १ | | १ | | १ | ० | | |
| २१ | सि.अ नमी | स्वास्थ्य | १ | | | | ० | १ | रिक्त पदको लागि लोक सेवा आयोगमा माग भएको | |
| २२ | सबईञ्जिनियर | ईन्जि. | १ | | | | ० | १ | करार सेवा अन्तर्गत कार्यरत, | |
| २३ | असिष्टेन्टसब ईञ्जिनियर | ईन्जि. | १ | | १ | | १ | ० | नयाँ पदपूर्ति | |
| २४ | सहायकमहिला विकास निरीक्षक | विविध | १ | | | | ० | १ | रिक्त पदको लागि लोक सेवा आयोगमा माग भएको | |
| २५ | खा पा सटे | ईन्जि. | १ | | १ | | १ | ० | | |
| | | जम्मा | ३३ | | १९ | | १९ | १४ | | |

त्यस्तै पालिकाका विभिन्न वडामा वडा सचिवको पदपूर्तिको अवस्था निम्न बमोजिम रहेको छ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ७ | ७<br>(सहायक स्तर पाँचौ ३ र सहायक स्तर चौथो ४) | ४ | ३ |

३४ **सवारी दर्ता नवीकरण** (४६२-२०८१-१-३०):

यातायात व्यवस्था ऐन, २०४९ को दफा ३१ (१) मा सवारी दर्ता नवीकरण गर्नुपर्ने म्याद नाघेको ३ महिनाभित्र नवीकरण गराई सक्नुपर्ने साथै ३१ (४) मा म्याद नाघि दर्ता प्रमाणपत्र नवीकरण गर्न आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त एक वर्षसम्मको लागि एक सय प्रतिशत थप दस्तुर लिई नवीकरण गर्ने व्यवस्था छ । सवारी साधन दर्ता नवीकरण ढिलाई गरेको कारण विलम्ब दस्तुर समेत तिरेको छ ।महसुल भुक्तानीमा ढिलाई भई थप व्ययभार परेको नियम सम्मत नदेखिएको रु

| सि नं | नंबर | शुल्क रु. | थप दस्तुर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | प्र-३ -०२००१ -ब १४७५ | १३८२० | ४२०० | १८०२० |
| २ | प्र-३ -०२००२ -ब २७७२ | २२००० | ५६४० | २८५४० |
| ३ | बा प्र ००२००२ ब ७११३ | ७५०० | १३०० | ८८०० |
| ४ | बा प्र ००२००१ ब २७६९ | ६००० | १००० | ७००० |
| ५ | बा प्र ००२००१ ब २७०० | ६००० | १००० | ७००० |
| ६ | बा प्र ००२००१ ब ५१७७ | ६००० | १००० | ७००० |
| ७ | प्र ३ ००२००१ ब १४८० | ६००० | १००० | ७००० |
| ८ | प्र ३ ००२००१ ब १४७९ | ६००० | १००० | ७००० |
| ९ | प्र ३ ००२००१ ब ५००६ | १२००० | २६०० | १४६०० |
| १० | प्र ३ ००२००१ ब १४८२ | ६००० | १००० | ७००० |
| ११ | प्र ३ ००२००१ ब२७७१ | ६००० | १००० | ७००० |
| १२ | बा २ झ ४३४४ | १५५०० | ४६४० | २०१४० |
| १३ | बा ००२ ख ७१६३ | ६००० | १००० | ७००० |
| १४ | बा प्र ००२००१ ब ५००९ | ११००० | २६०० | १३६०० |
| १५ | बा प्र ००२००१ ब २७७५ | ६००० | १००० | ७००० |
| १६ | बा प्र ००२००१ ब २७७४ | ६००० | १००० | ७००० |
| १७ | बा ००२ ब ७५५६ | ६००० | १००० | ७००० |
| १८ | बा ००२ ब ५००८ | ६००० | १००० | ७००० |
| १९ | प्र ३ ०१००२ झ ४९२६ | १५५०० | २९०० | १८४०० |
| २० | प्र ३ ०२००१ ब १४८१ | ६००० | १००० | ७००० |
| २१ | प्र ३ ०२००१ ब ५०१० | ११००० | २६०० | १३६०० |
| २२ | प्र ३ ०२००१ ब ५००७ | ११००० | २६०० | १३६०० |
| २३ | बा प्र ०२००१ ब २७७३ | ६००० | १००० | ७००० |
| | जम्मा | २०३३२० | ४३९८० | २४७३०० |

| | |
|---|---|
| अनियमित भएको | ४३,९८० |

३५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ सवारी साधन चल्ने सोही दिन फर्किन सकिने स्थानमा भ्रमण गर्दा २५ प्रतिशत खाजा भत्ताको व्यवस्था छ । पालिकाले निर्णय गरी २० किलोमिटर सम्म दैनिक भत्ता नदिने सो भन्दा बढी सोही दिन फर्किन सकिनेमा २५ प्रतिशत खाजा भत्ता मात्र दिने तथा सवारी साधन नचल्ने, सोही दिन फर्किन सम्भव नहुनेमा मात्र दैनिक तथा भ्रमण भत्ता दिने गरी दुरी र भौगोलिक विकटताको आधारमा स्थानको वर्गीकरण गर्नुपर्दछ ।नमुना परीक्षण गर्दा नियममा व्यवस्था नभएको यस्तो भुक्तानी लिएको रकम १७जना

कर्मचारीबाट रु.२०३१००।०० स्थानीय सञ्चीत कोष दाखिला भएको छ ।उल्लिखित रकम बाहेक यस्तो सुविधा बापतको सबै भ्रमण आदेशहरुको भुक्तानी भएको सबै रकम समेत एकिन गरी सो समेत असुल गर्नुपर्दछ ।

३६ **प्रोत्साहन भत्ता :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१९९,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५०,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५७,०५२.२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१४८,२७८.३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५७,०५२.२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१६०,१२७.९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१६९,०१९.३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३२,८७७.७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३२,४१४.६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५१,७८७.८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१३९,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

३७ **सोझै तथा टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद टुक्राउन नहुने उल्लेख रहेको छ । त्यसैगरी सोहि ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ८५ बमोजिम सोझै खरिद गर्दा उपनियम १ख) मा एक आर्थिक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी पाँच लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। ।खरिद योजना र खरिद प्याकेज सम्बन्धमा खरिद योजना बनाई आइटम अनुसार प्याकेजहरु छुट्टाइ खरिद गर्नुपर्नेमा सो नगरी पालिकाले विभिन्न समयमा सोझै तथा टुक्रे खरिद गरेको देखियो । केहि उदाहरण निम्न छन्

| भौचर नंवर | मिति | आपूर्तिकर्ता | विल नं | मिति | किसिम | मूल्य |
|---|---|---|---|---|---|---|
| १३ | २०८०।६।१० | प्रवल ईन्टर प्राईजेज काठमाडौ | १९ ,२०, २१ | २०८०।५।२९ | ३० | ९९०१९० |
| १४ | २०८०।६।१० | जि एस प्रिन्ट मिडिया सर्भिस | ७ | २०८०।५।३१ | १२ | ९९८५८० |
| ५३ | २०८०।६।१८ | आई पि स्टेशनरी एण्ड जनरल सप्लायर | | | विभिन्न | ८१३०३५ |
| ३११ | २०८०।१०।२५ | ऐश्वर्य स्टेशनरी सेन्टर एण्ड अर्डर सप्लायर | | | | ६१२०९।७६ |
| ६५९ | २०८१।३।११ | ऐश्वर्य स्टेशनरी सेन्टर एण्ड अर्डर सप्लायर | | | | ६१३९२९ |
| ३३९ | २०८०।११।२२ | एम आर एण्ड वि टि ईन्टर प्राईजेज | ५८ | २०८०।११।२० | १४ | २५०८६७ |
| जम्मा | | | | | | ३७२७८११ |

## ३८ सवारी साधन भाडा

३८.१ **सवारी भाडाको लागत अनुमान निर्धारण :-**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२)मा भाडामा लिने सवारी साधनको लागि लागत अनुमान तयार गर्न सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो साधनको ज्ञान भएका बढीमा ३ जना दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ ।उप नियम(३) मा उपनियम (२) बमोजिमको समितिले भाडा लिने सवारी साधनको लागत अनुमान तयार गर्दा भाडामा लिने साधनको विवरण, स्पेसिफिकेशन, अवस्था र आयु, भाडामा लिन पर्ने सवारी साधन, मेशिनरी औजार, उपकरण वा प्रचलित बजार दर, भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत, र समितिले उपयुक्त ठहर्याएको अन्य कुरा , ढुवानीको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले जिल्लास्तरको सार्वजनिक निकायको हकमा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा, प्रचलित बजार दररेटको आधारमा मोटामोटी लागत अनुमान तयार गर्नु पर्नेछ । पालिकाले भाडामा लिने सवारी साधनको लागत अनुमान तयार गरेको पाईएन।सवारी साधन तथा ढुवानी साधनको भाडा निर्धारण गर्दा नेपाल सरकार मन्त्री परिषद् कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागले समय-समयमा प्रकाशन गरेको लामो र छोटो दुरीको भाडा दररेट जिल्ला दररेट समेतलाई आधार लिई भाडा लिने साधनको लागत अनुमान तयार गर्नुपर्नेमा सो गरेको देखिएन। प्रचलित कानुनको पालनागरी सवारी साधन भाडामा लिनु पर्दछ ।

३८.२ **लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग तथा सम्झौता वेगर भाडा भुक्तानी :-** सार्वजनिक खरिद नियमावली नियम ८५को१(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी रु.५ लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने तथा उपनियम (४)मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने उल्लेख भएकोमा नियमको पालना गरी सम्झौता गरेर भाडा लिएको देखिएन ।नियमको पालना नहुँदा भाडा लिने कार्यमा मितव्ययीता ,पारदर्शिता नभएको साथै अनुगमनको प्रतिवेदन पेस नहुँदा उपलब्धी मूल्याङ्कन समेत गर्न सकिएन ।भाडा प्रकृया र प्रतिवेदन प्रकृयामा सुधार गरी खर्च रकमको उपलब्धी मूल्याङ्कन हुनुपर्दछ । लागत अनुमान , लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग तथा सम्झौता बेगर भाडा भुक्तानीका केही उदाहरण निम्नानुसार छन्

| सि नं | भौ.नं | मिति | प्रयोजन | भुक्तानी लिने | विवरण | भाडा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २५० गा.पा. पुँजीगत | २०८१।३।२० | अनुगमन | सवारी चालक रविन्द्र रायमाझि | ८ दिन | ५२००० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| २ | ४३५ | २०८१।१।२० | अवलोकन भ्रमण | सि अ हे व हरि के सि मार्फत | २०८०।११।२४-२८ | ५५००० | दररेट निर्धारण आधार र कोटेशन पेस नभएको |
| ३ | ४५४ | २०८१।१।३० | अवलोकन भ्रमण | त्रिशुल कोईराला मार्फत | २०८०।१२।३०-२०८१।१।४ | ६०००० | दररेट निर्धारण आधार र कोटेशन पेस नभएको |
| ४ | ५५७ | २०८१।३।३ | व्यक्तिगत घटना दर्ता | पुस्कर महत मार्फत | २०८१।१।१-७ | ३३७०० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| ५ | ४८६ | २०८१।२।२ | योजना सम्झौता शिविर र अभिमुखीकरण | पुस्कर महत मार्फत रविन्द्र रायमाझी | १दिने ७ वटै वडामा | ४५००० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| ६ | ३०६ | २०८१।१०।२४ | सामाजिक सुरक्षा भत्ता वितरण | पुस्कर महत मार्फत अर्जुन महत रमोहन फुयाल | १दिने ७ वटै वडामा | ५२५०० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| ७ | २९० | २०८०।१०।२१ | कार्यालय प्रयोजन | रविन्द्र रायमाझी | २०८०।६।२८ देखि २०८०।१०।१२ सम्म ७ ट्रिप | ५३५०० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| ८ | २८४ | २०८०।१०।२१ | गाउँसभा सभासदलाई ओसार पसार | कृष्ण ब खत्री | गाउशभा सभासद लाई ओसार पसार १ ट्रिप | १५००० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको |
| ९ | ३८२ | २०८१।१।१३ | योजना अनुगमन | गाउँपालिका उपाध्यक्ष सृजना सुवेदीद्वारा प्रमाणित [१७ दिन कृष्ण बहादुर कार्कीको साधन बोलेरो नं ७७९५ | १७ ट्रिप | १८९००० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको तथा अनुगमन प्रतिवेदन भनिएको प्रतिवेदन पेस नभएको |
| १० | ५६ | २०८०।६।१८ | योजना अनुगमन तथा कार्यालय काम | गाउँपालिका उपाध्यक्ष सृजना सुवेदीद्वारा प्रमाणित [१३ दिन कृष्ण बहादुर कार्कीको साधन बोलेरो नं ७७९५ | १३ ट्रिप | ९८००० | दररेट निर्धारण आधार र कोटेशन सम्झौता पेस नभएको तथा अनुगमन प्रतिवेदन भनिएको प्रतिवेदन पेस नभएको |
| जम्मा | | | | | | ६५३७००।०० | |

### ३९ मालुखोला डाँडागाउँ फ्यातल छौंडे सडक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३८ (२) (क) अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा रकम स्वीकृत बजेटभित्र रही खर्च गनुपर्ने उल्लेख रहेको छ ।यस पालिकाले मिति २०८०।०५।१५ मा मालुखोला डाँडागाउँ

फ्यातल छौंडे सडकको लागत अनुमान रु.८५३४७७५।(भ्याटबाहेक) को स्वीकृत गरेकोमा शुभश्री निर्माण सेवाले रु.४६७७५९४।०० (भ्याटबाहेक)को सबैभन्दा कम कबोल अंक पेस गरेकोमा छनोट भएको देखिन्छ।यस योजनाको रकम भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम रु.४०६९९ असुल गर्नुपर्ने र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु..

| गो.भौ.नं। मिति | भुक्तानी विवरण | पेश रकम | भएको | | | हुनुपर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गा. पा. बाट भुक्तानी | संघ समपूरक अनुदानबाट | जम्मा | गा.पा. बाट भुक्तानी | संघ समपूरक अनुदानबाट | जम्मा | बढी भुक्तानी रु. |
| ३३। २०८०। ०९।२० | मोबिलाइजेसन पेश्की | ४६७००० | ४६७००० | ० | **४६७०००** | | | | |
| ५२। २०८०। १०।२५ र १०। २०८०। १०।२५ | पहिलो रनिङ्ग बील गा पाबाट पेश्की फस्यौंट गरी बाँकी रकमा संघ समपूरक बाट भुक्तानी भएको | २४८८९२२ | ४६७९२२ | २०५६४९१ | **२५२४४१३** | ४६७९२२ | २०२१९२२ | २४८९८४४ | **३४५६९** |
| ८३। २०८०। ११।२३ र ११। २०८०। ११।२३ | अन्तिम रनिङ्ग बील | २७८५५३३ | २१३८६१३ | ६५३०२० | **२७९१६३३** | २१३८६१३ | ६४६९२० | २७८५५३३ | **६१००** |
| **जम्मा** | | | **२१३९५३५** | **२७०९५११** | **५३१६०४६** | **२६०६५३५** | **२६६८८४२** | **५२७५३७७** | **४०६६९** |
| | | | | | | | | असुल गर्नुपर्ने | ४०,६६९ |

४० **भेरिएसन आदेशबेगर निर्माण फरफारक**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको अधिकारी भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ भने सोही उपदफाको खण्ड (क) मा पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले, खण्ड (ख) मा दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, खण्ड (ग) मा पन्ध्र प्रतिशतसम्मको भेरिएसन विभागीय प्रमुखले गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा सो स्तरको कार्यालय प्रमुख नरहेको अवस्थामा कार्यपालिकाबाट भेरिएसन स्वीकृत हुनुपर्ने देखिन्छ।यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन् :

४०.१ (५८-२०८०-११-२):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ भने सोही उपदफाको खण्ड (क) मा पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा सो स्तरको कार्यालय प्रमुख नरहेको अवस्थामा कार्यपालिकाबाट

भेरिएसन स्वीकृत हुनुपर्ने देखिन्छ । तामाकोशी सितापाईला छौँडे देउराली सडक निर्माण कार्यका लागि मिति २०७९।११।८ मा डिमुन कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु.९६९४६२१।८३ को सम्झौता भएको तथा मिति २०८०।१०।२६ मा निर्माण सम्पन्न भई २०८०।११।२ मा पालिका पुँजीगततर्फको गो भौ नं ५८ बाट अन्तिम भुक्तानी भएकोमा कुल रकम रु.९४३२३२५।०० मूल्यांकन भएको देखिन्छ । सो रकम सम्झौता रकमको तुलनामा २.७ प्रतिशत घटी हुन्छ । पालिकाले भेरिएसन आदेश जारी बेगर अन्तिम बिल भुक्तानी गरी योजना फरफारक गरेको नियमसंमत देखिएन रु...

| | |
|---|---|
| अनियमित भएको | २,६२,२९७ |

४०.२ देउराली जंघारे सडक स्तरोन्नति कार्य (7/TRM/NCB/Works/R/2078-079)का लागि मिति २०७८।११।२५ मा ए पी बिल्डर्स प्रा लिसँग रु.७८२७७६१।५५(मू अ कर तथा पि एस समेत)को सम्झौता भएको तथा दुई पटक(प्रथम पटक २०७९।३।१६ देखि २०७९।९।१५ सम्म, दोश्रो पटक २०७९।९।१८ को निर्णयले २०८०।३।१५ सम्म) म्याद थप पश्चात समेत तोकिएको समयमा सम्पन्न नगरी मिति २०८०।४।२८ मा निर्माण सम्पन्न भई पूर्व निर्धारित क्षतिपूर्ति, कर तथा धरौटी कटाई मिति २०८०।६।२९ मा पालिका पुँजीगततर्फको गो भौ नं १८ बाट अन्तिम भुक्तानी रु.१०७६२६८।०० भएकोमा कुल रकम रु.७१६६५४४।७९ मूल्यांकन भएको देखिन्छ । सो रकम सम्झौता रकमको तुलनामा ८.४४ प्रतिशत घटी हुन्छ । पालिकाले भेरिएसन आदेश जारी बेगर अन्तिम बिल भुक्तानी गरी योजना फरफारक गरेको नियमसंमत देखिएन रु...

| | |
|---|---|
| अनियमित भएको | ६,६१,२१७ |

४१ **बिमा तथा जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बीस लाख माथिको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण कार्य, मेशिनरी तथा प्लान्ट तथा तेश्रो पक्षको बिमा सम्झौताको म्याद र त्रुटी सच्च्याउने अवधि समेत खाम्ने गरी गराई पि एस आइटममा सो बापतको प्रिमियम रकम समावेश गरी भुक्तानी लिँदा बिमा पोलिसी तथा कर बिजक सक्कलै पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरेका विभिन्न काममा देखिएका कैफियत निम्न बमोजिम रहेका छन्ः

| क्र सं | कामको विवरण | निर्माण व्यवसायी | कैफियत विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | जफे सभाहल निर्माण | न्यू जागृति निर्माण सेवा, रामेछाप | ल्याब टेष्टको फोटोकपी बिल पेस गरेकोले सक्कल पेस हुनुपर्ने । | ५६५०।०० |
| २ | ढाँडे सितापाइला सडक | फुयाल इन्फ्रा प्रा लि | बिमाको फोटोकपी पेस भएकोमा सक्कल पेस हुनुपर्ने । | ७५००।०० |
| ४ | १० शय्या अस्पताल निर्माण | प्रतिष्ठा-प्रेरा जे भी | Contractors All Risk बिमा पोलिसीको सक्कल पेस हुनुपर्ने । | - |
| जम्मा | | | | १३१५०।०० |

यसरी पेस हुनुपर्ने प्रमाणहरु पेस नभएकोले प्रमाण पेस गर्नुपर्ने देखिएको रु...

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२८५,३९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,१५० |

## ४२ भिरकोट झुले छौँडे देउराली सडक

सार्वजनिक खरिद नियमावली ११२ मा २० लाखभन्दा माथिको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम बहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावलीको नियम ११३ को २ मा निर्माण व्यवसायीले खरिद सम्झौतामा व्यवस्था भए बमोजिम दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने साथै पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने व्यवस्था छ।साथै समपूरक अनुदानसम्बन्धी कार्यविधि २०७७ को दफा ६ मा नेपाल सरकारले स्थानीय तहलाई कुल लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ ।

४२.१

भिरकोट झुले छौँडे देउराली सडक आयोजनाको मिति २०७९।१०।२९ गते २ वर्षे बहुवर्षीय ठेक्का भनी यस पालिकाको कार्यपालिकाबाट निर्णय भएको र यस ठेक्काको लागत अनुमान (भ्याटबाहेक) रु.४१०१३८२१। मिति २०७९।११।२८ मा स्वीकृत भएको तथा यस पालिकाले २०८०।०१।२९ मा सबैभन्दा कम अंक रु.३१४०८३६४।भ्याटसहित कबोल गरेको प्रदेज-भीमेश्वर जे भीसँग मिति २०८०।०२।२२ मा मिति २०८१।०३।२० सम्म सम्पन्न गर्नेगरी सम्झौता गरिएको देखिन्छ। गो. भौ.नं.।मिति १५। २०८०।०३। २४ मा संघीय समपूरकबाट सम्झौताको १० प्रतिशत मोबिलाइजेसन पेश्की रु.२७५२०००। भुक्तानी भएको देखिन्छ। पालिकाले २०८०।०९।२५ र २०८०।१२।२८ मा सडकको कार्यप्रगति पठाउन पटक पटक पत्र काटेको देखिन्छ भने यस जे भीले मिति २०८१।०३।२४ मा पेस गरेको रु.४७२०३५२।को पहिलो रनिङ्ग बीलबापतको रकम संघीय सञ्चित कोष (समपूरक अनुदान) बाट भुक्तानी भएको देखिन्छ । यस जे भी ले मिति २०८१।०२।२५ मा म्याद थपसम्बन्धमा निवेदन दिएको देखिन्छ भने लेखापरीक्षण अवधिसम्म हेर्दा मिति २०८१।०४।१७ मा कार्यपालिकाबाट म्याद थप्ने निर्णय गरेको र मिति २०८१।०५।१६ मा टिप्पणी स्वीकृतबाट ६ महिनाको म्याद थपको भएको देखिन्छ । पालिकाले बारम्बार कार्यप्रगति पठाउन अनुरोध गरेको तर उक्त जे भीले कार्यप्रगति पठाएको देखिदैन। म्याद थप गर्नु अधि निर्माण व्यवसायीले काम सम्पन्न गर्न भर मग्दुर गरेको पनि देखिदैन भने काबु बाहिरको परिस्थितिको कारण पनि कार्य गर्न निर्माण व्यवसायीले ढिला गरेको देखिदैन । त्यसैले पालिकाले म्याद थप गरेको पनि मनासिब देखिदैन।

त्यस्तै पालिकाले २०८०।०९।२५ र २०८०।१२।२८ मा सडकको कार्यप्रगति पठाउन पटक पटक पत्र काटेको देखिन्छ तर निर्माण व्यवसायी प्रदेज-भीमेश्वर जे भीले मिति २०८१।०३।२४ मा पहिलो रनिङ्ग बील पेस गरेको देखिन्छ ।यसरी प्रदेज भीमेश्वर जे भी ले सम्झौता मिति २०८०।०२।२२ देखि मिति २०८०।१२।१८ सम्मको अवधि २९८ दिनसम्म पनि कुनै कार्य प्रगति नगरी कार्य ढिलाई गरेको र सो सम्बन्धमा पालिकालाई कुनै जानकारी पनि नगराएको देखिन्छ। यसरी पालिकाले पटक पटक कार्यप्रगति सम्बन्धमा पत्र काटेको र सो सम्बन्धमा निर्माण व्यवसायीबाट उपयुक्त काम प्रगति हुन नसक्नाको कारण उल्लेख गरेको देखिदैन । निर्माण व्यवसायीको बेमनासिव ढिलाईको कारण निर्माण कार्य सम्झौता अनुसारको समयमा सम्पन्न हुन नसकेको देखिन्छ। तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । पालिकाले सम्झौता रकम रु.३१४०८३६४। को सार्वजनिक खरिद नियमावलीको नियम १२१ र सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई आवश्यक कारबाही गरी कार्य सम्पन्न गर्नु गराउनु पर्दछ।

यस पालिकाले आ.ब. २०७९।८० मा महालेखापरीक्षकले औंल्याएको बीमासम्बन्धि बेरुजु लेखापरीक्षण अवधिसम्म पनि सुधार नगरेको देखिन्छ।पालिकाले ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

यस प्रदेज भीमेश्वर जे भी ले सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम मोविलाइजेसन पेश्कीको बैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पालिकालाई पठाएको देखिदैन। उक्त जे भी ले खरिद नियमावलीमा व्यवस्था भए बमोजिम मोविलाइजेसन पेश्कीको बैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पालिकालाई पठाउनुपर्ने देखिन्छ ।

४२.२ पालिका र प्रदेज भीमेश्वर जे भी बीच भएको सम्झौता अनुसार S.C.C मा The Period between program updates Is 15 days. The amount to be withheld for late submission of an update program is 50000. लेखिएको छ।अर्थात प्रोग्राम अपडेटको अवधि १५ दिनको हुनेछ र प्रोग्राम अपडेट ढिलो पेस गर्दा रोक्का राखिने रकम रु.५००००। हुने व्यवस्था रहेको छ । पालिकाले यस प्रदेज-भीमेश्वर जे भीसँग कार्य प्रगतिसम्बन्धमा देहायअनुसार पत्र काटेको देखिन्छ

पालिकाले प.सं. २०८०।०८१ च.नं.७६९ मिति २०८०।०९।२५ मा कार्यप्रगति बुझाउने सम्बन्धमा प्रदेश भीमेश्वर जे. भी. लाई Upgrading Works of Bhirkot Chhaude Deurali Road को लागि रु.२७५२०५५। पेश्की लगिसकेको र हालसम्म के कति निर्माण कार्यप्रगति भएको हो पत्र प्राप्ति मितिले ७ दिनभित्र कार्यालयमा जानकारी गराउनुपर्ने अन्यथा सार्वजनिक खरिद ऐन २०६४को दफा ५२ र नियमावली को दफा ११३ बमोजिम कार्वाही प्रक्रिया अगाडि बढाइने कुरा उल्लेख छ।त्यस्तै पालिकाले मिति २०८०।१२।१८ मा यसै सडकको कार्य प्रगतिसम्बन्धमा प्रदेश भीमेश्वर जे. भी.लाई पत्र काटेको देखिन्छ ।जसमा मिति २०८०।०२।२२ मा रु.३१४०८३६४। को सम्झौता गरी रु.२७५२०५५। गाउपालिका र संघीय सरकारको समपुरक कोषबाट खर्च हुने सडक निर्माण योजनामा पटक पटक ताकेता गर्दा पनि हालसम्म कामको प्रगति नदेखिएको तथा आ.ब. २०८०।८१ को फाल्गुन मसान्तसम्म आउँदा पनि एउटा रनिङ बील पेस नगरेको र काम सुरु पनि नगरेको अवस्थामा तपाईँबाट कामप्रति लापरबाही र जिम्मेवारी वहन नगरेको कारण गाउँपालिकालाई थप आर्थिक भार समेत पर्ने अवस्थामा उल्लिखित योजनाको म्याद थप नहुने साथै खरिद ऐन २०६३ को दफा ११३ को ६ बमोजिम कार्बाही प्रक्रिया अवस्था सिर्जना भएको हुँदा पत्रको मितिले एक हप्ताभित्र कार्य आरम्भ गरी जानकारी गराउनुहोला अन्यथा जमानत जफत गरी कालो सूचीमा राखिने बेहोरा जानकारी गराइन्छ भन्ने उल्लेख छ।त्यस्तै प.सं. २०८०।८१ च.नं.१३८७ मिति २०८१।०२।०४ मा मिति २०८१।०३।२० सम्म सम्पन्न गर्ने गरी अगाडी बढाइएकोमा हालसम्म सन्तोषजनक प्रगति नआएको हुँदा उक्त योजना सम्बन्धमा मिति २०८१।०२।०६ गते दिनको ११ बजे गाउँपालिकाको बैठकमा अनिवार्य उपस्तथितिको पत्र काटेको देखिन्छ। जिल्ला समन्व समिति दोलखाले प.सं.२०८०।०८१ च.नं.३०१ मिति २०८१।०२।१३ मा योजना अनुगमनको प्रतिवेदन पेस गरेको देखिन्छ।यस योजनासम्बन्धमा देहायको कैफियत देखाएको छ

निर्माणाधीन ग्यावियन वालमा पर्याप्त मात्रामा प्याकिङ नपुगेको, ब्रेसिङको उचित प्रयोग भएको नदेखिएको र वालको पछिल्लो भागमा गलत तरिकाले ढुङ्गा भरिएको, दुई तहका ग्याबियनबीच ज्योईन्ट नपाईएको, ढुङ्गा भरे पश्चात केही ग्याबियनमा स्टिचिङ गरेको नपाईएको, समग्रमा ग्याबियन निर्माण कार्य गुणस्तरहिन रेहेकाले आवश्यक सुधार गर्नु पर्ने देखिएको । निर्माणाधीन प्लम कंक्रिटमा फिनिसिङमा ध्यान दिईनुपर्ने, प्राबिधिकले सुझाए अनुसारको सिमेन्टः बालुवाः गिट्टीको अनुपातको प्रयोग हुनु पर्ने, कंक्रिटको कार्य गर्दा भाईब्रेटरको प्रयोग अनिबार्य हुनु पर्ने।

पालिकाले यही प्रतिवेदनमा देखिएको त्रुटी सच्याइ सोको जानकारी गराउन भनी प.सं. २०८०।८१ च.नं.१५६७ मिति २०८१।०३।०५ मा प्रदेज भीमेश्वर जे भीलाई पत्र पठाएको देखिन्छ । ।यसरी पालिकाले प्रदेज भीमेश्वर जे भी लाई कार्यप्रगतिका सम्बन्धमा बारम्बार पत्र पठाएको देखिन्छ भने मिति २०८०।१२।१८ मा पालिकाले पठाएको पत्रानुसार मिति २०८०।०९।२५ मा पठाएको पत्रअनुसारको उक्त जे भीको कार्यप्रगति भएको देखिदैन जसअनुसार मिति २०८०।०९।२५ भनिए अनुसार पालिकाले सार्वजनिक खरिद ऐन २०६४को दफा ५२ र नियमावलीको दफा ११३ बमोजिम कार्वाही गरेको देखिदैन।पालिकाले कानुनको पालना गरी सोही अनुसारको कार्वाही गर्नुपर्ने देखिन्छ।

त्यस्तै प्रदेश भीमेश्वर जे भी लाई कार्यप्रगतिका सम्बन्धमा बारम्बार काटेको र मिति २०८०।१२।१८ मा पालिकाले पठाएको पत्रानुसार

हालसम्म पनि कुनै कार्यप्रगति भएको भन्ने देखिदेन।जसबाट उक्त जे भी ले कुनै काम नगरेको र Program Udate पनि नगराएको देखिन्छ।त्यस्तै प.सं. २०८०।८१ च.नं.१३८७ मिति २०८१।०२।०४ मा मिति २०८१।०३।२० सम्म सम्पन्न गर्ने गरी अगाडी बढाइएकोमा हालसम्म सन्तोषजनक प्रगति नआएको हुँदा उक्त योजना सम्बन्धमा मिति २०८१।०२।०६ गते दिनको ११ बजे गाउँपालिकाको बैठकमा अनिवार्य उपस्तथितिको पत्र काटेको देखिन्छ।यसबाट उक्त जे भीले कार्य गरेको तर सन्तोषजनक नभएको भन्ने बुझिन्छ तर Program Update कहिले कहिले उपलब्ध गराएको सोको प्रमाण लेखापरीक्षणको समयमा पेस हुन सकेन।यसर्थ: प्रदेज भीमेश्वर जे भी ले सम्झौता मिति२०८०।०२।२२ देखि मिति २०८०।१२।१८ सम्म कुनै कार्य नगरेको र सो सम्बन्धमा पालिकालाई कुनै जानकारी पनि नगराएको देखिएकोले प्रत्येक १५ दिनको अवधिमा गर्नुपर्ने Program Update को २९८दिन सम्म पनि नगरी ढिलाई गरेको देखिन्छ ।यसरी २९८ दिन ढिला गर्दा पनि पालिकाले रोक्का राख्नुपर्ने रु.९९३०००।रोक्का राखी भुक्तानी गरेको देखिदैन। पालिकाले सम्झौतामा उल्लेख भएबमोजिम सर्तको पालना गरेको देखिदैन। पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली तथा सम्झौता बमोजिम आवश्यक कारबाही गरी समयमै कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

४२.३ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५४३,०४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२.४ समपूरक अनुदानसम्बन्धि कार्यविधि अनुसार संघीय समपूरकबाट यस योजनाको प्रथम रनिङ्ग बीलको रकम रु.४७२०३५२।०० को ५० प्रतिशत रकम रु.२३६०१७६।यस पालिकाबाट संघिय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,६०,१७६ |

## ४३ **१० शय्या आधारभूत अस्पताल निर्माण**

एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रममार्फत तामाकोशी गाउँपालिका वडा नं. ४ मालुमा १० शय्या अस्पताल निर्माणका लागि मन्त्रालय तथा पालिकाबिच कुल निर्माण खर्चको ७० प्रतिशत रकम नेपाल सरकारले र ३० प्रतिशत रकम पालिकाले व्यहोर्ने गरी कुल लागत अनुमान रु.१४,४०,०४,३५७।९४ कायम गरी मिति २०७८/०२/१८ मा बोलपत्र आह्वान गरी मिति २०७८।९।१४ मा प्रतिष्ठा-प्रेरा जे भी सँग रु.१४,५७,०४,३४०/४१को सम्झौता भएको देखिन्छ । २०८०।९।१४ सम्म निर्माण सम्पन्न गर्ने अवधि राखी भएको उक्त सम्झौता सम्बन्धमा निर्माण व्यवसायीको निवेदन प्राप्त भएपश्चात मिति २०८०।८।२८ को कार्यपालिकाको निर्णय बमोजिम २०८१।९।१४ सम्मका लागि अवधि थप गरेको देखिन्छ । यसरी लागत अनुमानभन्दा बढी कबोल अंक पेस गर्ने निर्माण व्यवसायीसँग सम्झौता भई २०८१ असार मसान्तसम्म मूल्य समायोजन समेत कुल रु.१०८०१५३५१।३० भुक्तानी भई निर्माण कार्य भैरहेको अस्पतालको निर्माण सम्बन्धमा देखिएका व्यहोराहरुः

४३.१ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४६४,७९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३.२ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३०,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७,९१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३.३ यस सम्झौतामा मूल्य समायोजन दिने व्यवस्था रहेको छ । मूल्य समायोजन भुक्तानी हुँदा प्रति महिना रनिङ बिल पेस गर्ने अवधारणामा प्रत्येक भुक्तानी गर्दा बिल जारी भएको मितिभन्दा २८ दिन अधिको price index का आधारमा मूल्य समायोजन भुक्तानी दिने व्यवस्था रहेकोमा सो बमोजिम मासिक बिल पेस नहुने अवस्था भएपश्चात प्रत्येक बिल जुन अवधिसँग सम्बन्धित छ सो अवधिको औषत मूल्य समायोजन इन्डेक्स प्रयोग गरी पुनः गणना गरी समायोजन गर्ने क्रममा मूल्य समायोजन गणना गर्दा चौथो बिलको समायोजन रकम गणना गर्दा रु.१७१४०८।०० बढी हुन गई सोही बमोजिम कायम राखी भुक्तानी भएकोले सो रकम निर्माण व्यवसायीबाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने देखिएको रु..........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७१,४०८ |

४३.४ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **११,७६१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **गैर सरकारी संस्थालाई भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१५,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **अमानतबाट निर्माण** (२२६-२०८१-३-१७):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ बमोजिम सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट वा आवश्यक पर्ने निर्माण सामाग्री खरिद ऐन तथा नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने व्यवस्था छ । त्यस्तै नियमावलीमा १० लाख भन्दा बढी मुल्यका निर्माण सामाग्री सोझै खरिद गर्न नपाइने उल्लेख छ । पालिकाले मिति २०८० माघ २८ को कार्यपालिकाको निर्णय बमोजिम कन्टिन्जेन्सीबाट पालिकाको आँगन निर्माणका लागि रु.६९२९६२।१९ को लागत अनुमान तयार गरी कार्य गर्दा अमानत विधिबाट काम गराई कुल रु.६१४३७५।०१को मुल्यांकन भई ज्यालाबापत पालिका पुँजीगततर्फको भौ नं. २२६ मिति २०८१।३।१७ बाट रु.१५०६५०।०० खर्च लेखेको छ । नियमावलीको प्रावधान विपरित अमानतबाट खरिद गर्दा एक लाखको सिमा नघाई खरिद गरेको छ भने सिमाभन्दा बढीको निर्माण सामाग्री समेत सोझै खरिद गरेको देखिएकाले पालिकाले गरेको सो काम अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १,५०,६५० |

४६ **सिरमाने सामुदायिक सेवा केन्द्र भवन निर्माण**

जुन प्रयोजनका लागि योजना तर्जुमा तथा बजेट विनियोजन गरिएको हो सोही प्रयोजनमा प्रयोग गर्नुपर्ने अन्यथा कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ । सिरमाने सामुदायिक सेवा केन्द्र भवन निर्माणका लागि रु.५०००००।०० बजेट कायम गरी सोहि बमोजिम लागत अनुमान तयार गरी लागत सहभागिता अंश समेत तोकी बाँकी रकम रु.४८००००।०० पालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भई निर्माण सम्पन्न भएकोमा गाउँपालिका पुँजीगततर्फको मिति २०८१।३।१७ को गो भौ नं २२४ बाट कन्टिन्जेन्सी रु.२००००।००, मर्मत सम्भार कोष रु.२००००।०० तथा विभिन्न कर रु.६८०१।०० कट्टी गरी रकम रु. ४,५३,१९९।०० भुक्तानी गरेको छ ।उक्त निर्माणको कागजात परीक्षण गर्दा लागत अनुमान तथा निर्माण कार्य पूरै ग्याबियन वाल लगाउने (८४.५० घ मी) कामसँग मात्र सम्बन्धित भएको देखियो । यसरी बजेटमा भएको कार्यक्रमभन्दा विपरित कार्य गरेको देखियो । जे काम हो सोही बमोजिमको योजना तर्जुमा गर्ने वा परिस्थितिविशेषले फरक परेकोमा पर्याप्त आधार सामवेश गर्नुपर्दछ ।

४७ **त्रुटिवश उपभोक्तालाई बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ । पालिकाले निम्न बमोजिमका सम्झौताबमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक बिल तयारीका क्रममा कम्प्युटर प्रणाली प्रयोग गरी गिट्टीको निर्माणस्थलसम्मको मान्छेद्वारा गरिने ढुवानीको रकम गणना गर्दा सफ्टवेयर प्रयोगमा त्रुटीवश हिसाब गर्दा बढी भुक्तानी हुन गएको देखियो । नमुना परीक्षणका क्रममा निम्न बमोजिम कैफियत देखिएकाले बढी भुक्तानी भएको रकम असुल गरी पालिकाको खातामा दाखिला गर्नुपर्ने रु...

| क्र सं | उपभोक्ता समितिको नाम / काम | गो भौ / मिति | कुल मूल्यांकन रकम रु | एग्रिगेटको ढुवानी बापत भुक्तानी भएको रकम रु. (रु.३.२९ प्रति के जी प्रति कि मी) | हुनुपर्ने भुक्तानी रकम रु (रु.१.२९ प्रति के जी प्रति कि मी) | बढी भुक्तानी रकम रु |
|---|---|---|---|---|---|---|
| १ | रैकर खानेपानी योजना निर्माण वडा ३ | १७८/२०८१।२।२३ | ३१२९१३।३५ | ३८७१८।७६ | २१८७२।९३ | १६८४५।८३ |
| २ | फेदी फलैँचा बाटापारी पदमार्ग योजना उ स | ८१/२०८०।११।२३ | ८६८९३८।७३ | ५६११०।७३ | ३१६०८।२३ | २४५०२।५० |
| जम्मा | | | | | | ४१३४८।३३ |
| | | | | | असुल गर्नुपर्ने | ४१,३४९ |

४८ **कन्टिन्जेन्सी खर्च**

निर्माणकार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ ।उक्त अनुसूचीमा निर्माण लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष कन्टिन्जेन्सी वापत रु. ४२ लाख ९३ हजार खर्च गरेको छ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो गरेको देखिएन।पालिकाले योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च स्वीकृत गराई मात्र खर्च गर्नुपर्दछ। कन्टिन्जेन्सी सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

| क्र सं | कन्टिन्जेन्सीको विवरण | खर्च रकम [ रु हजारमा ] |
|---|---|---|
| १. | ज्याला | ० |
| २. | दैनिक भ्रमण भत्ता | १३ |
| ३. | इन्धन | ० |
| ४. | मर्मत | ० |
| ५. | मसलन्द | ० |
| ६. | निर्माण खर्च | ३६४.६०४ |
| ७. | सम्बन्धित विभागमा पठाएको | ० |
| ८. | अन्य- सूचना प्रकाशन | ३८४.६५ |
| ९. | अन्य- प्राविधिक प्रोत्साहन भत्ता | १३८४.४५६ |
| १०. | जम्मा | २१४६.७१४ |
| ११. | मू अ कर र अग्रिम कर बाहेकको निर्माण खर्च | - |
| १२. | खर्च गर्न पाउने कन्टिन्जेन्सी | - |
| १३. | घटी बढी रकम | - |
| जम्मा | | ४२९३.४२४ |

योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी नगरी नहुने कार्यमा मात्र यस्ता खर्च गरी कन्टिन्जेन्सी खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

४९ **खेलकुद प्रतियोगिता मापदण्ड**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम १९ मा अर्थमन्त्रालयको सहमतिमा आफुले सम्पादन गर्ने कामको प्रकृती अनुसार मापदण्ड बनाउन सक्ने व्यवस्था छ। साथै नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।खेलकुद प्रतियोगिता संचालन रित प्रकृयाको रुपमा खेल सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधिको पालना रहेको छ ।मापदण्ड र कार्यविधिका पालना गरी लागत अनुमान र खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेल सम्पन्न पछि प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्दछ । यो वर्ष विद्यालय स्तर तथा पालिका स्तरमा गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन बापत रु.२९९०४६७।०० खर्च भएको छ ।कार्यालयले खेलकुद प्रतियोगिता संचालन प्रकृया तथा खर्चका मापदण्डहरु तयार गरेको छैन । मापदण्ड तथा कार्यविधिका आधारमा प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षण संलग्न मेडिकल स्वयंसेवक टिम,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तराष्ट्रिय निर्णायक (अम्पायर) राष्ट्रिय अन्तराष्ट्रिय रेफ्री स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन । दैनिक भत्ता प्रशिक्षक भत्ता, एम्पाएर रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता, यातायात खर्च, खाना खाजा होटेलबास खर्च, खेलाडी खुराक आदि वापत् फरक- फरक दरमा खर्च भएको पाईयो। खेलकुद प्रतियोगिता संचालन प्रस्तावना,छनोट प्रतियोगिता सञ्चालन,बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तिलाई उपलब्ध गराउने सेवा सुविधा आधार, मापदण्ड ,कार्यविधि सुविधा बापत दिने खर्चका आधार तयार गर्नु पर्दछ ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

| सि नं | भौ नं | मिति | प्रतियोगिता | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | १५७ | २०८०।८।२७ | १० विद्यालय राष्ट्रपति रनिङ शिल्ड तयारी खर्च रु ४००००का दरले | ४००००० |
| २ | ३४ | २०८०।११।२३ | पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १०४९०७२ |
| ३ | ५०० | २०८१।२।६ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सिंगटी | ५२०१७२ |
| जम्मा | | | | १९६९२४४ |

## ५० **अवलोकन भ्रमण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३९को उप नियम ७मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने तथा उप नियम ८ मा उपनियम (७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भई सकेपछी त्यस्तो कार्यक्रममा खरिद गरेको मालसामानको विवरण तथा बिल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ । पालिकाबाट अवलोकन भ्रमाण जाने निम्नानुसार स्वास्थ्यकर्मीले पेश्की लिँदा लागत अनुमान पेस गरेको तर फर्स्यौट गर्दा मोटामोटी विवरण पेस गरेकोमा कार्यालयले प्रतिवेदन स्वीकृत गरी पेश्की फछयौंट गरी भुक्तानी दिएको पाईयो ।साथै एकै प्रकृतिका कार्यक्रम एकीकृत रुपमा मितव्ययी रुपमा संचालन गर्नु पर्नेमा गरेको देखिएन ।नियममा भएको आवश्यक प्रकृया पूरा गरेपछि प्रतिवेदन स्वीकृत गरी यस्ता कार्यक्रम गर्दा पालिका तथा स्वास्थ्य शाखाको समन्वयमा एकै प्रकृतिका कार्यक्रम एकीकृत रुपमा मितव्ययी रुपमा गर्नुपर्दछ ।

| सि नं | भौ नं | मिति | फोकल पर्सन | सहभागी प्रकार | संख्या | दिन | खर्च रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ४३९ | २०८१ ।१।२० | हरि बहादुर के सी | महिला स्वास्थ्य स्वयं सेविका,स्वास्थ्यकर्मी तथा जनप्रतिनिधी | ३६ जना | ५ | ४३४०३२ |
| २ | ४५४ | २०८१।१।३० | त्रिशुल कोईराला | महिला स्वास्थ्य स्वयं सेविका,स्वास्थ्यकर्मी तथा जनप्रतिनिधी | २४ जना | ५ दिन | ३००००० |
| जम्मा | | | | | | | ७३४०३२ |

## ५१ **वितरण प्रकृतिका खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक व्यवस्था गरेको देखिन्छ । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई न्यूनिकरण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस्ता खर्चहरु न्यूनिकरण गर्दै जानु पर्दछ।

| सि नं | मिति | भौ. नं. | विवरण | | रकम रु. |
|---|---|---|---|---|---|
| | २०८०/०६/१६ | ३५ | विविध खर्च | संलग्न कागजपत्र तथा कार्यालय प्रमुखका आदेशमा विश्व साईकल यात्रीलाई आ.स उपलब्ध गराईएका | २५,०००.०० |
| | २०८०/०९/०४ | १७९ | विविध खर्च | संलग्न कागजपत्रका आधारमा विमा वापत प्राप्त रकम ललितपुर निवासी शिवराम थापालाई भुक्तानी गरिएको | १,५३,८४९.०० |
| | २०८०/११/२० | ३३७ | विविध खर्च | पूर्वाञ्चल गन्दर्भ सास्कृतिक उत्थान समाजलाई सहयोग | १०,०००.०० |
| | २०८१।३।१८ | ६६१ | वडा नं ४ को कार्यक्रम | लक्षित कार्यक्रम विद्युतिय जग वितरण २३० थान | ११५७०४ |
| | २०८१।३।१७ | ६१३ | वडा नं ४ को कार्यक्रम | हर्लिकस् वितरण १ केजि हर्लिक्स जार २००थान | १९८८८० |
| | २०८१।३।१६ | ६०७ | वडा नं ७ को कार्यक्रम | जेष्ठ नागरिक सम्मान प्रयोजन ५४ थान फाईवर सिरक वितरण | २००००० |
| | २०८१।३।१६ | ६०६ | वडा नं ६ को कार्यक्रम | दलित लक्षीत कार्यक्रम भाडाकुडा टेन्ट कुर्षि | २००००० |
| | २०८१।३।१८ | ६५० | पालिकाको मिति को नर्णय | ७० जना कर्मचारीलाई मासिक रु १५०० का दरले घर भाडा खर्च | ११६६००० |

५२ **फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ४१ मा स्वीकृत बजेटबाट खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट सीमाभित्र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ छैन विचार गरी खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्ने साथै रकम कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत बमोजिम खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक संकेत वर्गीकरण र व्याख्या २०७४ को ढाँचा अनुसार खर्च लेख्नुपर्दछ ।नमुना परीक्षण गर्दा पालिकाले गरेका खर्चहरु मध्ये फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेका केही उदाहरण निम्नानुसार खर्च गर्दा नियमको व्यवस्था पालना गरेको देखिएन बजेटरी नियन्त्रण र सिमाको परिपालना गरी खर्च गर्नु पर्दछ। फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेको नियम सम्मत नदेखिएको रु

**<u>गाउँपालिका चालु तर्फ</u>**

| भौ नं | मिति | खर्चको प्रकृति | खर्च लेख्नु पर्ने | | खर्च लेखेको | |
|---|---|---|---|---|---|---|
| | | | शीर्षक/योजना/कार्यक्रम | खर्च रकम रु. | शीर्षक/योजना/कार्यक्रम | खर्च रकम रु. |
| विभिन्न | विभिन्न | परीक्षा संचालन व्यवस्थापन | परीक्षा संचालन व्यवस्थापन | १६८२००० | स्थानीय पाठ्यपुस्तक तयारी छपाई | १६८२००० |
| ७१६ | २०८१।३।२३ | आर्थिक सहायता जल उपभोक्ता महासंघ | आर्थिक सहायता | १५००० | विविध खर्च | १५००० |
| ३५ | २०८०।६।१६ | साईकल यात्री सहयोग | आर्थिक सहायता | २५००० | विविध खर्च | २५००० |
| ८१ | २०८०।६।२५ | विपन्न सहयोग | विपद व्यवस्थापन | ५०००० | विविध | ५०००० |
| १५० | २०८०।८।२६ | मृतक परिवार सहयोग | आर्थिक सहायता | १०००० | विविध | १०००० |
| १७८ | २०८०।९।४ | ईशाईसमाज दोलखा सहयोग | आर्थिक सहायता | २५००० | विविध | २५००० |
| ७३७ | २०८१।३।२४ | वकालत खर्च | परामर्श सेवा | ५०००० | विविध | ५०००० |
| १७९ | २०८०।९।२४ | घाईते वापतको विमा क्षतिपुर्ति | विपद | १५३८४९ | विविध | १५३८४९ |
| ३९४ | २०८१।१।१४ | आगलागि सहयोग | विपद | १५००० | विविध | १५००० |
| ४२६ | २०८१।१।१८ | सर्पदंश सहयोग | आर्थिक सहायता | २०००० | विविध | २०००० |
| ५३९ | २०८१।२।२७ | भाडा तथा सहयोग | भाडा तथा सहयोग | २२००० | विविध | २२००० |
| ५९२ | २०८१।३।८ | घर भाडा | घर भाडा | २६०८५ | विविध | २६०९५ |
| ६२१ | २०८१।३।२७ | लोडर सर्भिस | मर्मत | ४५२०० | विविध | ४५२०० |
| ६७८ | २०८१।३।२० | छपाई ढुवानी मसलन्द | छपाई ढुवानी मसलन्द | ९६१२७ | विविध | ९६१२७ |
| ५८ | २०८०।६।२१ | शिक्षक स्वर्णिम अवकास योजना वैठक | कर्मचारी वैठक | ३५१०० | विवध | ३५१०० |
| जम्मा | | | | | | २२७०३७१ |

**<u>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम[ससर्त]तर्फ</u>**

| गो. भौ. नं. | खर्च शीर्षक नं | खर्च गरेको शीर्षक | के बापत खर्च गरेको | कुन शीर्षकबाट खर्च गर्नुपर्ने | रकम रु. |
|---|---|---|---|---|---|
| १९२। २०८१। ०३।२० | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | ईलेक्ट्रिक एवम् ईलेक्ट्रोनिक सामानहरु | २३३११ मसलन्द तथा कार्यालय सामान (क्रियाकलापमा नै उल्लेख गर्नुपर्ने) | ७०१४४। |
| १८७। २०८१। ०३।१९ | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | स्वास्थ्य चौकीका विद्युतका बील रकम, खाजा रकम तथा स्वास्थ्य चौकीहरुको प्रशासनिक खर्च | एकीकृत खर्च संकेत वर्गीकरण २०७४ ले निर्दिष्ट गरेको शीर्षकबमोजिम | १५३९२६। |
| १८२। २०८१। ०३।१९ | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | अफिस दराज रिभल्भिङ कुर्सी टेबल लगायत फर्निचर सामान खरिद | ३१११५ फर्निचर फिक्चर्स | १७५९१२। |
| १८३। २०८१। ०३।१९ | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | ल्यापटप क्यानन प्रिन्टर कम्प्युटर लगायत मेशीनरी सामाग्री | ३११२२ मेशिनरी औजार | ५९३०००। |
| ५७। २०८०। १०।२५ | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | प्रधानमन्त्री रोजगार कार्यक्रमबापत सरोज दासलाई भुक्तानी | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट | ६२६२४। |
| ५८। २०८०। १०।२५ | २११११ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरको स्वीकृत दरबन्दी अनुसारको तलब, महङ्गी भत्ता र पोशाक भत्ता | अनुगमन मूल्याङ्कन खाजालगायतमा खर्च | २२६११ अनुगमन मूल्याङ्कन खर्च, २२७११ विविध खर्च जस्ता शीर्षकबाट | २४५३०। |
| २४। २०८१। ०३।२३ | चालु प्रकृतिको कार्यक्रम पुँजीगत शीर्षकबाट भुक्तानी | कृषि तथा पशुपन्क्षी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम | कृषि तथा पशुपन्क्षी बजारीकरण लागि कृषि एम्बुलेन्स कार्यक्रम | चालु खर्च शीर्षकबाट कृषि प्रवर्द्धन जस्ता कार्यक्रमबाट | १४७३९८। |
| जम्मा | | | | | १२२७५३४। |

| अनियमित भएको | ३४,९७,९०५ |
|---|---|

५३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा नियमावली, २०७६ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नविकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्राही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षा तर्फ रु. १० करोड ९२ लाख ७६ हजार बजेट विनियोजन भएकोमा रु. १० करोड ८५ लाख ६ हजार खर्च भएको र मृत्यु भई लगत कट्टा भएकाको बैंकमा रहेको रकम रु. १६३८२३।३८ लेखापरीक्षणका क्रममा फिर्ता भएको छ ।पालिकाले सफ्टवेयरवाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नविकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मुल अभिलेख राखेको देखिएन, लगत कट्टा समयमै नहुने तथा लगत कट्टा भएको व्यक्तिको रकम समयमै बैंकबाट फिर्ता लिने गरेको नदेखिएकोले पालिकाले लगत अद्यावद्यिक गर्दै निस्कृय खाता लगायत बैंकबाट फिर्ता प्राप्त गर्नुपर्ने अन्य रकमका सम्बन्धमा यकिन गरी फिर्ता प्राप्त गरि केन्द्रीय खातामा जम्मा गर्नुपर्दछ ।

**सामाजिक सुरक्षा सफ्टवेयरको डाटामा देखिएका केहि त्रुटिहरु**

• सामाजिक सुरक्षाको सफ्टवेयरको लगत कट्टा महलको प्रतिवेदन अनुसार लगत कट्टा लागु हुने मिति र लगत कट्टा हुने मिति प्राय सबैको एउटै देखाएको छ । तर व्यक्तिगत विवरण अनुसार हेर्दा फरक देखिन्छ । सफ्टवेयरको डाटाहरु यथार्थमा आधारित हुनुपर्ने र फरक फरक प्रतिवेदनमा पनि डाटा फरक नपर्ने गरी सफ्टवेयरको प्रयोग हुनुपर्दछ । अत सफ्टवेयर डेभलपरले यस्तो फरक पर्नुको कारण पत्ता लगाई डाटालाई वास्तविकतामा आधारित हुने गरि सफ्टवेयर परिमार्जन तथा अपडेट गर्नुपर्दछ र सफ्टवेयर प्रयोगकर्ताले पनि वास्तविक डाटा प्रविष्टि गर्ने र समस्या देखिएमा समयमानै डेभलपर समक्ष समाधानका लागि पहल गर्नुपर्दछ ।

• त्यस्तै सामाजिक सुरक्षाको सफ्टवेयर र व्यक्तिगत घटना दर्ताको सफ्टवेयरमा मृत्यु भएको मिति र प्रमाणपत्र दिएको मिति फरक फरक परेको छ । यसरी एउटै प्रकृतिको कार्यका लागि फरक फरक सफ्टवेयरमा प्रविष्टि हुने र ती २ सफ्टवेयरको डाटा फरक- फरक परेको देखिएकोले कुन सफ्टवेयरको विवरणलाई आधिकारिक मान्ने भन्नेमा दुविधा देखिएकोले दुवै सफ्टवेयरको विवरण यर्थाथपरक आउने गरी डाटा प्रविष्ट गर्नुपर्ने तथा डाटालाई लिंक गर्नुपर्ने देखिन्छ । केही उदाहरणः

| नाम | नागरिकता नं | सामाजिक सुरक्षाको सफ्टवेयर अनुसार | | व्यक्तिगत घटना दर्ताको सफ्टवेयर अनुसार | |
|---|---|---|---|---|---|
| | | मृत्यु भएको मिति | मृत्यु दर्ता गरेको मिति | मृत्यु भएको मिति | मृत्यु दर्ता गरेको मिति |
| रोज बहादुर भुजेल वडा १ | ४३-८२७ | २०८०।३।२६ | २०८१।४।१४ | २०८१।३।२६ | २०८१।०४।१४ |
| पृथ्वी लाल श्रेष्ठ वडा ७ | २०-१००१० | २०८०।३।२० | २०८१।३।१६ | २०८०।१२।०८ | २०८०।१२।२५ |
| पदम कुमारी श्रेष्ठ | १०५५।३७३ | २०८०।९।२० | २०८०।१०।२१ | २०८०।५।१७ | २०८०।१०।१५ |

## ५४ दुध उत्पादन प्रवर्द्धन कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने कुरा उल्लेख छ । यस पालिकाले ठूलाखेत कृषि तथा पशुपालन फर्मसँग गरेको सम्झौता अनुसार दुध उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत आवश्यक खोरको मापदण्ड सम्बन्धमा ६ वटा जर्सी गाईहरु खरिद गर्नुपर्ने भनी मापदण्ड तोकिएको छ ।यस कार्यक्रम सम्बन्धमा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री बद्री प्रसाद शर्मा वाग्लेको संयोजकमा अनुगमन गर्दा प्रतिवेदनमा सम्झौता अनुसार कृषकले गाई खरिद गरेको भनिए पनि ५ वटा मात्रै गाई खरिद गरिएको कुरा भुक्तानी गर्दा मिति २०८१।०३।२१ मा स्वीकृत टिप्पणी आदेशमा उल्लेख छ ।५० प्रतिशत लागत साझेदारीमा गरिएको यस कार्यक्रममा ठूलाखेत कृषि तथा पशुपालन फर्मले ५ वटा गाई खरिदसँगै रु.५४४०००। बिल पेस गरेकोमा रु. २२५२५० कर कट्टीसहित भुक्तानी भएको देखिन्छ। सम्झौता अनुसार ६ वटा गाई खरिद नगरिएको भुक्तानी भएको उक्त रकम रु.२२५२५० नियमसँगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,२५,२५० |

## ५५ लघु उद्यम विकास कार्यक्रम

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को परिच्छेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यालयसमक्ष पेस गरेको पाइएन।निर्देशिकामा भएको व्यवस्थाको पालना तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ । गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रमको दफा ४१ को उपदफा २ मा २० प्रतिशत लागत साझेदारी हुनुपर्ने भनी उल्लेख भएकोमा लागत साझेदारी नभएकोमा लागत साझेदारीमा प्रविधि हस्तान्तरण नभएकोले निर्देशिका अनुसार कार्यक्रम गर्नुपर्ने देखिन्छ । यस अन्तर्गत सञ्चालित केही कार्यक्रम निम्नानुसार छन्।

| **नयाँ उद्यमी सृजना तर्फ** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| कार्यक्रमको नाम | अनुमानित बजेट | तालिम दिने अनुमानित संख्या | तालिम प्राप्त संख्या | खर्च रु. | बाँकी | |
| उपयुक्त प्रविधि हस्तान्तरण | १,००,००० | ६० जना | १६ जना | १,००,०००।- | ० | सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरु उद्यमीहरुलाई नि:शुल्क वितरण भएको तर गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रमको दफा ४१ को उपदफा २ मा २० प्रतिशत लागत साझेदारी हुनुपर्ने भनी उल्लेख भएकोमा लागत साझेदारी नभएको |
| पि.आर.ए. | १२,५०० | १०० जना | ६४ जना | १२,५००।- | ० | |
| उद्यमशिलता विकास तालिम | ९८,००० | ६० जना | ४४ जना | ९८,०००।- | ० | |
| सिप विकास तालिम | ३,००,००० | ६० जना | ३३ जना | ९९,६१७।- | २००३८३ | |
| लघु वित्तमा पहुच | १०,००० | ६० जना | ३३ जना | ८,०००।- | २००० | |
| उपयुक्त प्रविधि हस्तान्त्रण | १,००,००० | ६० जना | १६ जना | १,००,०००।- | ० | |
| बजार र बजारीकरण | १४,०४८ | ६० जना | जना | ० | १४०४८ | |
| जम्मा | ६३४५४८ | ४६० | २०६ | ४१८११७ | | |

| स्तरोन्नती तर्फ | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| कार्यक्रमको नाम | अनुमानित बजेट | तालिम दिने अनुमानित संख्या | तालिम प्राप्त संख्या | खर्च | बाँकी | सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरु उद्यमीहरुलाई नि:शुल्क वितरण भएको तर गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रमको दफा ४१ को उपदफा २ मा २० प्रतिशत लागत साझेदारी हुनुपर्ने भनी उल्लेख भएकोमा लागत साझेदारी नभएको |
| स्तरोन्नती | २,४०,००० | ४० जना | २३ जना | २,४०,०००[A1]।- | ० | |
| समूहमा प्रविधि हस्तान्तरण | १,४०,००० | २० जना | १० जना | ५,८४२।- | | |
| जम्मा | ३८०००० | ६० | ३३ | २४५८४२। | १३४१५८ | |

५६ **प्रमाण पेस गर्नुपर्ने** (१९४-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३८ (२) (क) अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षक अनुसार खर्च गनुपर्ने उल्लेख रहेको छ ।यस पालिकाले कृषि प्रवर्द्धन सम्बन्धमा बागमती प्रदेशअन्तर्गतको प्रदेश ससर्त कार्यक्रमको विभिन्न कर्मचारीहरुको विभिन्न बैठक बसेबापत भुक्तानी भएको रकम रु.१०८३७५ प्रदेश सञ्चित कोषबाट खर्च लेख्नुपर्नेमा को संघिय सञ्चित कोषबाट खर्च लेखेकोमा सो रकम बराबरको संघीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,३७५ |

५७ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार वार्षिक १० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्दा वार्षिक खरिद योजना बनाइ खरिद गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले औषधी खरिद गर्दा वार्षिक खरिद योजना बनाई खरिद गरेको देखिएन । पालिकाले वार्षिक खरिद योजना तयार गरी योजनाबद्ध, मितव्ययी तरिकाले ठेक्कामार्फत गुणस्तरीय औषधी खरिद गर्न ध्यान दिनुपर्ने देखिन्छ । औषधी खरिद सम्बन्धमा देखिएका थप बेहोरा निम्न बमोजिम रहेका छन्:

५७.१ नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहीता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न PAMS सफ्टवेयर ३ वटै सरकारले लागु गर्नुपर्ने निर्देशन रहेको छ ।

पालिकाले औषधीको सम्पूर्ण विवरण स्वास्थ्य मन्त्रालयको eLMIS प्रणालीमा अभिलेख राखिएको तर PAMS प्रणालीमा अभिलेख नराखिएको देखियो।यस सम्बन्धमा पालिकाले औषधी खरिद गरी खरिद आदेश, दाखिला र हस्तान्तरण गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू नगरी यस पालिकाको स्वास्थ्य शाखाले eLMIS प्रणालीबाट औषधीको अभिलेख राख्दा केन्द्रीय निकायबाट पनि औषधीको वास्तविक अवस्था अनलाइन नै सुपरिवेक्षण गर्न मिल्ने, औषधीको म्याद मिति, स्पेशीफिकेसन, परिमाण, प्राप्तिको श्रोत, वितरणको विस्तृत विवरण तथा मौज्दातको अवस्था लगायतका सम्पूर्ण विस्तृत जानकारी अनलाइन नै प्राप्त गर्न सकिने हुँदा PAMS भन्दा eLMIS प्रणाली प्रभावकारी रहेको जनाएको छ । तालुक निकायले पनि PAMS मा यस्ता विशेषता थपी कार्यालयमा रहेका सबै किसिमका सामाग्री एकै प्रणालीमा रहने गरी सुधार गर्नु उपयुक्त हुने देखिन्छ ।

५७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न सप्लायर्सबाट ठेक्का मार्फत रु.१६४७११२।- तथा सोझै खरिद मार्फत रु.१४३५५३७।– गरि जम्मा रु.३०८२६४९

।- को संघीय सरकार हस्तान्तरणबाट र रु.७०९०२६। गाउँपालिकाको आन्तरिक श्रोतबाट औषधि खरिद गरेको देखिन्छ । औषधी खरिद गर्दा पालिकाबाट औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण सबैले बुझ्ने र देख्ने गरी समावेश नभएको देखियो । नमुनाका रुपमा पालिकामा रहेका केही औषधी हेर्दा उक्त औषधी बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण सबैले बुझ्ने र देख्ने गरी नि:शुल्क वितरण गरिने भनी औषधीमा छाप लगाउनु पर्नेमा सो गरेको देखिएन । यसर्थ पालिकाले ठेक्कामार्फत आवश्यकतानुसार गुणस्तरीय औषधी खरिद गर्नपर्ने देखिन्छ भने खरिद गरिएको औषधी नि:शुल्क वितरण गरिने तथा बिक्री वितरणको लागि होइन भन्ने स्पष्ट खुलाउनुपर्ने देखिन्छ ।

५८ **महिला स्वास्थ्य स्वयंसेविका कोष** (५२०-२०८१-२-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ । पालिकाले महिला स्वास्थ्य स्वयंसेविका कोष स्थापना प्रयोजनार्थ ७ वटा स्वास्थ्य चौकीहरुलाई जनही रु. १००००।०० का दरले रु. ७००००।०० उपलब्ध गराएको छ ।कोष संचालन प्रकृया कार्यविधि तयार गरेको देखिएन ।कार्यविधि तयार गरी स्वयंसेविकाको अधिकतम हितमा कोष परिचालन गर्नु पर्दछ।

५९ **संस्थागत विद्यालयको छात्रवृत्तिको अवस्था**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।आ.ब.२०८०।०८१ मा यस पालिकाभित्र खिम्ती जलविद्युत आयोजनाको मातहतमा रहने गरी सञ्चालन रहेको संस्थागत विद्यालय खिम्ती प्रोजेक्ट स्कुल मा अध्ययनरत विद्यार्थी संख्या ३७७ जना रहेकोमा छात्रवृत्ति सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको यस पालिकाको शिक्षा शाखाबाट जानकारी प्राप्त भएको छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

६० **सामुदायिक सिकाइ केन्द्र**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.१३.११ को ६.७ मा सामुदायिक सिकाइ केन्द्रहरुलाई अनुदान दिने व्यवस्था छ।जसमा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। यस पालिकाद्वारा देहायका सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार भुक्तानी गरेको पाइन्छ ।

| **सामुदायिक सिकाइ केन्द्र। मापदण्ड** | **वार्षिक साधारण सभा भएको** | **साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको** | **गत आवको खर्च स्वीकृत गरेको** | **लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,** | **शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका** | **भुक्तानी रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| **चारधाम सामुदायिक सिकाइ केन्द्र** | छैन | छैन | छैन | छैन | | २५००००। | प्रमाण पेस भएको नदेखिएको सबै रकम निकासा भएको |

चारधाम सामुदायिक सिकाइ केन्द्र तोकिएको मापदण्डको कुनै पनि प्रमाण पेस नगरेको देखिन्छ ।विना प्रमाण प्रति सिकाइ केन्द्र भुक्तानी भएको रकम रु.२५००००।को प्रमाण पेस गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

६१ **दिवाखाजा**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को दफा नं २.८.७ को क्रियाकलाप नं. २.७.११.१ (घ) मा सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रिय स्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रूपमा १८० दिनका दरले बजेट हिसाब भएको छ। स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रूपमा पूरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स. को अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भएपश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने । यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने भन्ने उल्लेख छ भने प्रतिविद्यार्थी दिनको रु.१५ को दरले दिवा खाजा अनुदान दिने व्यवस्था छ।यस पालिकाले उपलब्ध गराएको तथ्याङ्कअनुसार पालिकाअन्तर्गतका विद्यालयहरुको शैक्षिक सत्र २०८०।०८१ का लागि शैक्षिक सत्र २०८० को विद्यार्थीको संख्याका आधारमा खाजा खर्च बापत रकम माग गरी जम्मा १८० दिनको प्रतिव्यक्ति रु.१५ का दरले भुक्तानी दिँदा रु.३१७३८००।खर्च भएको देखिन्छ भने पालिकाले उपलब्ध गराएको IEMIS मा रहेका विद्यार्थीको संख्याका आधारमा तथ्याङ्क अनुसार रु.३७३९५००। खर्च हुनुपर्ने देखिन्छ।यसरी पालिकाले दिएको तथ्याङ्कमा हेर्दा रु. ५६५७०० कम खर्च भएको देखिन्छ।यसरी विद्यार्थीको हाजिरी विवरण गणना नगरी विद्यालय खुलेको दिन भनी समग्रमा १८० दिनको भुक्तानी भएको देखिन्छ जसबाट सबै विद्यार्थी १८० दिन हाजिर भए नभएको सम्बन्धमा यकिन हुन नसक्दा दिवा खाजाबापत भुक्तानी रकम यकिन गर्न सकिएन। तसर्थ पालिकाले विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र दिवाखाजा दिनुपर्दछ ।

६२ **प्रतिव्यक्ति लागत र शैक्षिक गुणस्तर**

प्रतिव्यक्ति लागत :- पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ ।

| बजेट विवरण | बजेट रकम रु. | खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु |
|---|---|---|---|---|
| संघिय सरकार | १७६३६५००० | १६१३०९९४६ | ३३५७ | ४१३७७ |
| प्रदेश सरकार | ५६८००० | ३९०२८३ | | |
| स्थानिय सरकार | ४०८११००० | २८६८५३६२ | | |
| जम्मा | २१७७४४००० | १९०३८५५९१ | ३३५७ | ४१३७७ |

शैक्षिक गुणस्तर :- यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ ।

| क्र.सं. | जी. पी. ए. | जम्मा विद्यार्थी | | उतीर्ण विद्यार्थी सङ्ख्या | | उतीर्ण प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | |
| १ | ३.६१-४.०० | १९ | २१८ | १ | ० | ९४.७३ | ५० | सामुदायिकतर्फ १०९ जना अनुतीर्ण र संस्थागततर्फ १ जना अनुत्तीर्ण |
| २ | ३.२१-३.६० | | | २ | १ | | | |

माथिका तालिकाहरु अध्ययन गर्दा यस पालिकामा प्रति विद्यार्थी लागत रु.४१३७७। रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ एस. ई. ई. परीक्षाको नतिजा हेर्दा संस्थागततर्फ १९ जनामा १ जनाले ३.६१-४.०० जी. पी. ए. प्राप्त गरेको र २ जनाले ३.२१-३.६० जी. पी. ए. प्राप्त गरी कुल एस. ई. ई. परीक्षामा सम्मिलित १९ जना मध्ये १८ जनामात्र उत्तीर्ण भई ९४.७३ प्रतिशत उत्तीर्ण भएको देखिन्छ र सामुदायिक तर्फ २१८ जनामा कसैले पनि ३.६१-४.०० जी. पी. ए. प्राप्त गरेको देखिएन भने १ जनाले मात्र ३.२१-३.६० जी. पी. ए. प्राप्त गरी कुल एस. ई. ई. परीक्षामा सम्मिलित २१८ जना मध्ये ११८ जनामात्र उत्तीर्ण भई जम्मा ५० प्रतिशत मात्र उतीर्ण प्रतिशत रहेको देखिन्छ।यसबाट विद्यालयमा सरकारले गरेको लगानीको आधारमा सामुदायिक विद्यार्थी उत्तीर्ण दर हेर्दा शैक्षिक गुणस्तर निकै कमजोर देखिन्छ। सामुदायिक विद्यालयका विद्यार्थीहरुको शैक्षिक गुणस्तरको बढाउनतर्फ सामुदायिक विद्यालयले ध्यान दिनुपर्ने देखिन्छ।यसको लागि पालिकाले निरन्तर विद्यालयको अनुगमन गर्नुपर्ने, विद्यालयसँग आवश्यक समन्वय गरी विद्यालयहरुमा दरबन्दी मिलान र पदपूर्ति गर्ने लगायतका कार्य गरी शैक्षिक व्यवस्थापन तथा सुदृढीकरणमा ध्यान दिनु पर्ने देखिन्छ।

## ६३ विद्यालय कर्मचारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्ट्याँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।राजस्व बाँडफाँट श्रोतबाट विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्ताको पारिश्रमिक रु.११८७१८३२। खर्च लेखेको छ।संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरबन्दी कायम गर्नुपर्ने , दरबन्दी मिलान पश्चात शिक्षक सेवा आयोग बाट स्थायी रुपमा पदपूर्ति प्रयोजन सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडी बढाउने तथा आयोगबाट पद पूर्ति नहुने अन्य पद आन्तरिक आयको दिगो श्रोत व्यवस्थापन गर्नु पर्दछ ।

| क्र सं | प्रकार | विद्यालय संख्या | वार्षिक तलब रु. |
|---|---|---|---|
| १ | वालविकास सहजकर्ता | ३५ | ३६३१००० |
| २ | विद्यालय कर्मचारी | १२ | ७०२२५० |
| ३ | विद्यालय सहयोगि कर्मचारी | ३५ | ३५९७६०० |
| ४ | शिक्षण अनुदान शिक्षक | १० | ४९४०९८२ |
| | जम्मा | | ११८७१८३२ |

## ६४ कार्यसम्पादनमा आधारित अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप २.७.१३.१३ को ९.३ मा पालिकाले शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी

भएका विद्यालयहरूमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्दतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने तथा उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने र विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिका निर्णयअनुसार खर्च गर्ने एवम् विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउने र स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था छ ।पालिकाको शिक्षा समितिको बैठकले मिति २०८१।०२।०७ गते बसेको उत्कृष्ट विद्यालयको छनौट भएको सम्बन्धमा देहायअनुसार निर्णय गरेको देखिन्छ ।

| **विद्यालयको नाम** | **प्राप्ताङ्क** | **नतिजा** | **अनुदान वितरण रकम रु.** |
|---|---|---|---|
| श्री गणेश आ वि | ३९ | का.स.मू. उत्कृष्ट | ५०००० |
| श्री सीतापाइला मा वि | ५४ | का.स.मू. उत्कृष्ट | ३००००० |
| श्री जनज्योती आ वि | ३९ | का.स.मू. उत्कृष्ट | ५०००० |
| श्री दुम्सिझाङ आ वि | ३८ | का.स.मू. उत्कृष्ट | ५०००० |
| श्री अम्विका आ वि | ३३ | का.स.मू. उत्कृष्ट | ५०००० |

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था भए पनि कार्य सम्पादन मूल्यांकनमा उत्कृष्ट भई प्रथम स्थान हासिल गरेको श्री सीतापाइला मा.वि.लाई रु.३००००० अनुदान निकासा गरेको देखिन्छ भने द्वितीय स्थान हाँसिल गरेको श्री जनज्योती आ. वि र श्री गणेश आ. वि लगायतका अन्य का.स.मू मा उत्कृष्ट भएका सबै विद्यालयहरुलाई रु.२०००००।०० बराबरको दामासाही रु.५००००।०० का दरले अनुदान वितरण गरेको देखिन्छ ।अत: आगामी वर्षहरुमा यस्तो अनुदान दिँदा वितरणमुखी नभई पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था भएबमोजिम नियमानुसार विद्यालयहरुमा अनुदान वितरण गर्नुपर्ने देखिन्छ ।

## ६५ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ति संख्या | पदपूर्तिमध्ये | | | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | राहत | करार | | |
| १ | श्रीनारायणी मा.वि. | १५ | १५ | ७ | ८ | | २०५ | |
| २ | श्रीभीमेश्वर आ.वि. | ५ | ५ | ५ | | | ४५ | |
| ३ | श्री गणेशआ.वि. | ९ | ९ | ६ | ३ | | ११० | |
| ४ | श्रीबुढीचण्डीका प्रा वि | १ | १ | | १ | | २४ | |
| ५ | श्रीइन्द्रावती प्रा वि | २ | २ | २ | | | १८ | |
| ६ | श्री अमरमा.वि. | १४ | १४ | ११ | | २ | १०५ | |
| ७ | श्रीजनप्रभात मा.वि. | १५ | १५ | १२ | १ | २ | २१२ | |
| ८ | श्री जनताआ.वि. | ४ | ४ | ४ | | | ३९ | |
| ९ | श्री नयाँज्योति आ.वि. | २ | २ | १ | १ | | २७ | |
| १० | श्रीसितापाइला मा.वि. | १६ | १६ | ९ | ७ | | २४६ | |
| ११ | श्रीकालापानी मा.वि. | ९ | ९ | २ | ६ | १ | ९४ | |
| १२ | श्री चनौटेआ.वि. | ४ | ४ | ३ | १ | | ४७ | |
| १३ | श्री छौडेआ.वि. | ८ | ८ | ३ | ४ | १ | ७६ | |
| १४ | श्रीजागृति आ.वि. | २ | २ | २ | | | २५ | |
| १५ | श्रीगोल्मेश्वर मा.वि. | १७ | १७ | १२ | ३ | २ | ३९२ | |
| १६ | श्रीसिद्धेश्वर मा.वि. | ९ | ९ | ४ | ५ | | ८६ | |
| १७ | श्रीगुप्तेश्वर मा.वि. | ९ | ९ | ३ | ६ | | ८५ | |
| १८ | श्रीसेतिदेवि प्रा.वि. | १ | १ | | १ | | १० | |
| १९ | श्रीशंखेश्वर आ वि | ७ | ७ | ५ | २ | | ४२ | |
| २० | श्रीजनजागृति मा.वि. | १७ | १७ | ६ | ११ | | १६१ | |
| २१ | श्रीकालिका प्रा वि | २ | २ | १ | १ | | १९ | |
| २२ | श्रीत्रिकुटेश्वर मा.वि. | ७ | ७ | ४ | ३ | | ५५ | |
| २३ | श्रीजाल्पादेवि प्रा वि | ३ | ३ | १ | २ | | २२ | |
| २४ | श्रीसरस्वती प्रा.वि. | २ | २ | | २ | | ६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | श्रीसूर्योदय प्रा.वि. | २ | २ | | २ | | ३० | |
| २६ | श्रीजनकल्याण प्रा.वि. | | | | | | १३ | बाल विकास केन्द्र मात्र सञ्चालन रहेको |
| २७ | श्रीमहेन्द्र मा.वि. | १७ | १७ | ५ | १२ | | २४६ | |
| २८ | श्रीसिद्धेश्वर प्रा.वि. | ४ | ४ | १ | ३ | | २५ | |
| २९ | श्रीजनज्योति आ वि | ८ | ८ | ४ | ३ | १ | ९६ | |
| ३० | श्रीदुम्सीझाङ आ.वि. | ७ | ७ | २ | १ | ४ | ९५ | |
| ३१ | श्रीकालिका मा.वि. | १७ | १७ | १० | १ | ६ | २२० | |
| ३२ | श्रीअम्बिका आ.वि. | ६ | ६ | ४ | २ | | ९० | |
| जम्मा | | १४१ | | | | | | |

माथिको तालिका अध्ययन गर्दा सबैभन्दा बढी विद्यँर्थी संख्या भएको ३९२ जना विद्यार्थी संख्या रहेको विद्यालय श्री गोल्मेश्वर मा वि मा २७ जनाको शिक्षक दरबन्दी रहेकोमा २७ जनाको नै पदपूर्ति भएको देखिन्छ भने सबैभन्दा कम वद्यार्थी भएको श्री सरस्वती प्रा विमा ६ जना विद्यार्थी रहेको देखिन्छ भने २ जना शिक्षक रहेको देखिन्छ।पालिकाले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा पर्ने नपर्ने एकिन गरी विद्यालयको आवश्यकता अनुसार विद्यालय समायोजन वा एकीकरण गरी विद्यार्थीको अनुपात बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

६६ **शिक्षक मेन्टरिङ कार्यक्रम** (२२६-२०८१-३-२३):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा सुपरिवेक्षण कार्यक्रम कार्यान्वयनका लागि रु.२४५००० बजेट विनियोजित भई आएको देखिन्छ । शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि २०८० ले बाइस हप्ताको अवधिमा ३५ घण्टाको सक्रिय सहयोग रहने गरी न्यूनतम प्याकेजमा नवप्रवेशी शिक्षकहरु लाभान्वित गराउने उद्देश्य राखेको देखिन्छ।शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि २०८० को दफा ७ मा मेन्टरिङ प्रक्रियासम्बन्धमा देहायको मार्गदर्शनको व्यवस्था गरेको छ ।

| **क्र.स.** | **क्रियाकलाप** | **समयावधि** | **कैफियत** |
|---|---|---|---|
| १ | सुरुवाती बैठक,अभिमुखीकरण र कार्ययोजना निर्माण | ४ घण्टा | शिक्षकमेन्टर,नवप्रवेशी शिक्षक र सरोकारवालाकोउपस्थिति |
| २ | कक्षा अवलोकन रपृष्ठपोषण | १६.५घण्टा (कम्तिमा १.५ घण्टाको ११ वटा कक्षा) | २० हप्ता अवधि प्रत्येक दुई हप्तामा एक पटक भ्रमण गरिने |
| ३ | मुल्याङ्कनअघि र पछि पुर्ण रुपमा कक्षाकोठासम्बन्धी मुख्य सक्षमताको बारेमा छलफल | ३ घण्टा | |
| ४ | शिक्षकमेन्टरको सहयोगमा नवप्रेवेशि शिक्षक शिक्षकहरुको सिकाइ सञ्जाल निर्माण,बैठकसंचालन कार्यशाला तथा अन्य कार्य | ७.५ घण्टा | मेन्टिरिङप्रक्रियाको अतिरिक्त समय |
| ५ | समापनकार्यक्रम अनुभव आदानप्रदान र प्रमाणपत्र वितरण | | संक्षिप्त प्रतिबिम्बन |

| मेन्टरिङ संचालन खर्चविवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **मेन्टर समुह** | **क्रियाकलाप** | खर्च | | | | | | | | |
| | | | **पारिश्रमिक ( प्रति कक्षा रु.१००० को दरले)** | | | **प्रतिवेदन वापतको रकम (प्रति विद्यालय १००० को दरले)** | **बैठक संचालन तथा खाजा खानाको रकम एकमुष्ट प्रदान गरिएको** | | **मेन्टरिङ सामग्री** | **गाउँपालिका शिक्षा शाखाबाट अनुगमन तथा निरीक्षण को खर्च** | **कैफियत** |
| | | | **कक्षा संख्या** | **दर** | **जम्मा** | | **बैठक संख्या** | **जम्मा रकम** | | | |
| १ | नवल किशोरझा -(A) - ५जना | बैठक संचालन ,शिक्षक छलफल | | | | ४५०० | ९ | २१९३३ | ९३०० | १९२०० | मेन्टरिङ सम्बन्धमा मिति ०८०।१०।२९ देखि ०८०।११।०४ सम्म पहिलो चरण र मिति २०८१।०२।०१ देखि २०८१।०३।०१ सम्म दोस्रो चरणमा कार्यक्रम गरेको देखिन्छ। |
| | | कक्षा अवलोकन, सुपरीवेक्षण र पृष्ठपोषण | ४८ | १००० | ४८००० | | | | | | |
| २ | केदार कुमार खड्का-(B)-५जना | बैठक संचालन, शिक्षक छलफल | | | | ४५०० | ९ | २१९३३ | | | |
| | | कक्षा अवलोकन, सुपरीवेक्षण र पृष्ठपोषण | ४८ | १००० | ४८००० | | | | | | |
| ३ | रत्न प्रसाद दहाल-(C) - ५ जना | बैठक संचालन,शिक्षक छलफल | | | | ४५०० | ९ | २१९३३ | | | |
| | | कक्षा अवलोकन, सुपरीवेक्षण र पृष्ठपोषण | ४८ | १००० | ४८००० | | | | | | |
| **जम्मा खर्च** | | | | | **१४४०००** | **१३५००** | | **६५७९९** | | | **२५१७९९** |

माथिको तालिकाको अध्ययन गर्दा मेन्टरिङको प्रक्रियाअनुसार कार्यक्रम सञ्चालन नभएको देखिन्छ जसले यस कार्यक्रमबाट न्यूनतम प्याकेजमा नवप्रवेशी शिक्षकहरु लाभान्वित गराउने राखेको उद्देश्य पूरा गराउन सकिएको वा नसकिएको सम्बन्धमा पालिकाको शिक्षाा शाखाबाट अनुगमन गरी प्रगति प्रतिवेदन पेस नगरेको देखिन्छ। २० हप्ता अवधि प्रत्येक दुई हप्तामा एक पटक भ्रमण गरिने भनिए ता पनि मेन्टरिङ सम्बन्धमा मिति २०८०।१०।२९ देखि २०८०।११।०४ सम्म पहिलो चरण र मिति २०८१।०२।०१ देखि २०८१।०३।०१ सम्म दोस्रो चरणमा कार्यक्रम गरेको देखिन्छ।जसले मेन्टरिङको मार्गदर्शनलाई अपनाएको देखिदैन।तसर्थ: मेन्टरिङसम्बन्धमा कार्य गर्दा मेन्टरिङ प्रक्रिया अपनाई नवपप्रवेश शिक्षकको क्षमता विकास, प्रधानाध्यापक, शिक्षक अभिभावक र सहयोग वातावरणमा शैक्षिक

गतिविधि सञ्चालनमा सहयोग पुग्ने गरी स्वीकृत बजेटको परिधि भित्र रहेर कार्य गर्नुपर्ने देखिन्छ ।

## ६७ पाठ्यपुस्तक

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.६.४.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानसम्बन्धी व्यवस्था छ।जहाँ विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिकमा अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ ।

यस पालिकाले कक्षा ११-१२ को लागि गो. भौ. नं.।मिति ६९।२०८०।१२।२८ मा ७ वटा माध्यमिक विद्यालयहरुलाई रु.८७७१२। रकम पाठ्यपुस्तकबापत १००% नै भुक्तानी गरेको देखिन्छ ।जस अनुसार कक्षा ११ मा १२३ जना विद्यार्थी र कक्षा १२ मा १७४ जना गरी जम्मा २३८ विद्यार्थी को रु.८७७१२। भुक्तानी गरिएको देखिन्छ।यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट कार्यक्रम कार्यान्वयन पुस्तिकाको मापदण्ड अनुसार पाठ्यपुस्तक खरिद गरी भुक्तानीको लागि सिफारिस नगरेको देखिन्छ । यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट कार्यक्रम कार्यान्वयन पुस्तिकाको मापदण्ड अनुसार पाठ्यपुस्तक खरिद गर्न र मापदण्ड अनुसार खरिदपछि मात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्ने देखिन्छ ।

## ६८ मर्मत प्रकृया पालना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३को उपनियम ५ मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था छ। यस नियमावलीको प्रकृया अपनाई मर्मत सम्भार गराउनु पर्ने मर्मत गराउँदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्दछ । यसरि खरीद गरेको सामानको जिन्सि दाखिला गराई रु. ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सि दाखिला गर्नु पर्ने उल्लेख छ । त्यस्तै सवारी साधन मर्मत सम्भार शीर्षकमा यस वर्ष २८ वटा सवारी साधन मर्मतको लागि रु. ३०१०१२८ खर्च गरेको छ । सवारी साधन मर्मत गराएकोमा उल्लेखित प्रकृया अपनाएको देखिएन ।खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा मितव्ययिता, दक्षता, पारदर्शिता, टिकाउपना भएको छ भन्ने आधार नभएकोले खरिद कानुनको पालना गरि मर्मत गराउनु पर्दछ।

| सि नं | सवारी साधनको प्रकार | प्रयोग कर्ता | वार्षिक मर्मत खर्च रु. |
|---|---|---|---|
| १ | बा २ झ ४३४४ | अध्यक्ष | ७६२२५४ |
| २ | प्र ३- ००१- ००२-झ ४९२६ | उपाध्यक्ष | ९५८५९६ |
| ३ | व्याक हो लोडर | कार्यालय | ४४९८७३ |
| ४ | मोटर साईकल थान २५ | कर्मचारी तथा जन प्रतिनिधिहरु | ८३९४०५ |
| ५ | एम्वुलेन्स | वडा नं ६ च्यामा स्वास्थ्य चौकी | २८७१५५ |
| जम्मा | २८ | | ३०१०१२८ |

## ६९ इन्धन खर्च

६९.१ ईन्धन खर्चको आन्तरिक नियन्त्रणको लागि सवारी लगबुक महालेखापरीक्षकको फारम नम्बर ९०५ मा अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष इन्धनको लागि रु. ३५ लाख विनियोजन गरेकोमा सुत्र अनुसार २ वटा खर्च शीर्षक बाट रु.३४१०१५६।खर्च गरेको छ । पालिकामा २८ वटा सवारी साधन रहेकोमा सवारी लगबुकको प्रयोग पाइएन । सवारी लगबुकको प्रयोगले ,सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ | सवारी लगबुक को प्रयोग नगरिदा

कसलाई कुन प्रयोजन कति परिमाणमा ईन्धन दिएको हो प्रयोग भएको सवारी साधनको समय र खपत इन्धन बीच मेल खाए नखाएको जानकारी नहुने हुदा सवारी लगबुक राखिनु पर्दछ | पालिकाले विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा राखेको पाइएन | कसलाई के प्रयोजन इन्धन्न दिएको हो खुल्न सकेन | लगबुक प्रयोग नभएका केही उदाहरण यस प्रकार छन | लगबुक र पर्याप्त अभिलेख बेगर भुक्तानी दिनेलाई पनि जिम्मेवार बनाई यस्तो खर्चको सीमा निर्धारण गरी नियन्त्रण गरिनु पर्दछ ।

| सि नं | सवारी साधनको प्रकार | प्रयोग कर्ता | वार्षिक मर्मत खर्च रु. |
|---|---|---|---|
| १ | बा २ झ ४३४४ | अध्यक्ष | ६४११३२ |
| २ | प्र ३- ००१- ००२-झ ४९२६ | उपाध्यक्ष | ६८३३९२ |
| ३ | ब्याक हो लोडर | कार्यालय | ८६२९४४ |
| ४ | मोटर साईकल थान २५ | कर्मचारी तथा जन प्रतिनिधिहरु | १२२३०५८ |
| जम्मा | २८ | | ३४१०१५६ |

६९.२ **इन्धन खर्चको मापदण्ड पालना** :- बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५को दफा ३क अनुसूची १कमा सि नं १२ मा इन्धन खर्चको मापदण्ड तोकिदिएको छ ।जसअनुसार अध्यक्ष , उपाध्यक्ष र वडा अध्यक्षले मासिक रुपमा क्रमश ८०,८० र २० लिटर इन्धन पाउने व्यवस्था छ । पालिकाका निम्नानुसार पदाधिकारीले मापदण्ड भन्दा बढी इन्धन सुबिधा लिएको देखियो ।इन्धन खर्च लेख्दा खर्चको पुस्टयाई राखी भुक्तानी हुनु पर्ने तथा मापदण्ड भन्दा बढी इन्धन सुबिधा दिन एवं लिन नमिल्ने हुँदा जिम्मेवार पदाधिकारीले एकिन गरी खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि नं | पद | नाम | मापदण्ड अनुसार सुविधा पाउने | सुविधा लिएको खर्च रु. | वढी रु. |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | प्रोण प्रताप के सी | ८०×१२=९६० लिटर डिजल | ३००८.७० लि | २०४८।७० |
| २ | गाउँपालिका उपाध्यक्ष | सृजना खड्का सुवेदी | ८०×१२=९६० लिटर डिजल | ३९०४.६ | २९४४।६ |
| | | | १९२० | ६९१३.३ | ४९९३.३ |

## ७० हेफर प्रोजेक्ट नेपाल

७०.१ कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशीलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)

कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्बी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र कृषि र पशु' विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, बागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.७१४२८५७१ - सात करोड चौध लाख अट्ठाईस हजार पाँच सय एकहत्तर _ को लागत साझेदारीमा मिति १६ असार २०८३ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति ११ माघ २०७९मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशत ले हुने रकम रु. ५००००००।००( पाँच करोड रुपैया मात्र) पालिकाले र बाँकी हुने रकम रु.२१४२८५७१ (दुई करोड चौध लाख अट्ठाईस हजार पाँच सय एकहत्तर रुपैया मात्र ) हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयबाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०७९।८०मा रु.२०७४८८३ , २०८०।८१ मा २०७९।८० को बाँकी रु. १०८३३५० तथा २०८०।८१ मा बिल पेस गरेको खर्चको बिल भरपाई रु. ८२५७३५० मध्ये यस वर्ष रु.४१२६४०० (एकचालिस लाख छब्बीस हजार चार सय उनानब्बे रुपैया) समेत दुई आर्थिक वर्षमा रु.७२८४६३३।०० भुक्तानी भएको छ । २०८०।८१को बाँकी

रकम रु. ४० लाख २०८१।८२मा भुक्तानी भऐको स्थानीय साझेदारले जनाएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको बेहोरा निम्नानुसार रहेको छन् :

(क)पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालनको लागि आ. व.२०७९।८०,८०।८१,८१।८२,८२।८३,८३।८४ मा ५ वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु.१७८१२६ तालिममा रु.२२०२७७४ र पशु तथा विउ विजन खरिदमा रु.१७४५५००समेत रु. ४१२६४०० (एकचालिस लाख छब्बीस हजार चार सय उनानब्बे रुपैया ) हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको नियम संगत देखिएन ।

(ख)पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्बन्धी तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्‍याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

(ग)पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट कार्य गराँउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत रु. ४० लाख पेश्की दिएको नियम सम्मत देखिएन ।

(घ) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य असल शासन समन्वय समिती दोलखा नेपाल मार्फत गराएको छ।हेफर नेपाल संस्थावाट असल शासन समन्वय समिती दोलखा नेपाल मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुँदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन ।

(ङ) सम्झौताको बुँदा नं.७.२ .६ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेस गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम बाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेस गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन ।

(च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थाबाट मात्र गर्नुपर्ने र रु. २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्नपर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर

अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपालले पेस गरेको खर्चको बिल भरपाई रु. ८१२६४००मध्ये यस वर्ष रु. ४१२६४००(एकचालिस लाख छब्बिस हजार चार सय उनानब्वे रुपैया मात्र) भुक्तानी गरेको र हेफर प्रोजेक्टले असल शासन समन्वय समिती दोलखा नेपाल मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय साझेदारले नियमानुसारको बिजक वा कर बिजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिल बिजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेस गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकाबाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोले गैरसरकारी संस्थाको आफ्नै कर्मचारीको तलब खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

(छ) साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

(ज) पालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद नं ५ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअधि पालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ।कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ।जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न।पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन । कार्यविधिको प्रावधान विपरीत अन्तिम किस्ता समेत पेश्कीको रुपमा भुक्तानी दिनु नियम सम्मत भएन ।

(झ) पालिका र हेफर नेपाल बीच भएको सम्झौतामा स्थानीय संस्था असल शासन समन्वय समिती दोलखा नेपाललाई परामर्स सेवा उपलब्ध गराए बापत पेस गरेको खर्चको बिल भरपाई रु. ८१२६४०० मध्ये यस वर्ष भुक्तानी भएको रु. ४१२६४०० को आफ्नो बिजक जारी नगरेको हुँदा परामर्श सेवामा आयकर ऐन २०५८को दफा अनुसार रु. ४१२६४००को १५ प्रतिशतले हुने कर रु. ६१८९६० छुट पाउने आधार पेस हुनुपर्ने अन्यथा कर रकम असुल हुनु पर्दछ ।

७०.२ फरक शिर्षक। कार्यक्रम :-

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,००५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

७०.३ (३-२०८०-१२-२७):

**किसानले बुझेको प्रमाण पेस हुनु पर्ने :-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४७३,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७०.४ **घटी विल** :-

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५,२१०.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७१ **प्रदेश ससर्त कार्यक्रम तर्फ**

७१.१ **प्रदेशबाट प्राप्त कृषि तथा पशु अनुदान कार्यक्रम सञ्चालन** - स्थानीय तहमा विनियोजन ससर्त अनुदान कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८० अनुसार अनुदान कार्यक्रम संचालन प्रक्रिया उल्लेख गरिएको छ ।जसमा सुचना प्रकाशन,प्रस्ताव,साझेदार छनौट,अनुगमन लगायतको विषय उल्लेख गरेको छ । पालिकालाई यस आ.व. मा प्रदेशबाट हस्तान्तरित विभिन्न अनुदान कार्यक्रम तर्फ बाख्रापालन, गाइ-भैंसी,दुग्ध प्रर्वधन लगायतका शीर्षकमा कृषि क्षेत्रमा अनुदानका लागि बजेट उपलव्ध भएकोमा पालिकाले अनुदान प्राप्त गर्नका लागि गरेको सुचना आव्हान, छनौट र मुल्याकंनका आधार,प्रमाण प्रष्ट भएको देखिएन । साथै अनुदान पश्चातको अनुगमन मुल्याकंन पनि प्रभावकारी भएको देखिएन ।अत अनुदान उपलब्ध गराउँदा सूचना,छनौट,मुल्याकंन पारदर्शी तथा प्रभावकारी ढंगले गर्नुपर्दछ साथै अनुदानको सदुपयोग भए नभएका सम्वन्धमा पालिकाबाट नीरन्तर अनुगमन तथा निरीक्षण गरि अनुदानलाई प्रभावकारी बनाउनु पर्दछ । प्रदेशबाट अनुदान प्राप्त गर्ने लाभग्राहीका उदाहरण निम्न छन्ः

| **गौ. भौ. न.** | **अनुदान कार्यक्रम** | **लाभग्राहि** | **अनुदान रकम रु.** | **अनुदान वापत** |
|---|---|---|---|---|
| ३१।०८१।३।१९ | बाख्रा प्रर्वधन कार्यक्रम | स्वर्णिम एकीकृत कृषि तथा पशुपालन फर्म | ३९४०००।०० | बोयर बोका खरिद१, बाख्रा खोर निर्माण |
| ३१।०८१।३।१९ | दुग्ध प्रर्वद्धन कार्यक्रम | श्री जफे साना किसान कृषि सहकारी संस्था | ८४८१९३।०० | चिलिङ्ग भाट, क्यान, फ्रिज लगायत खरिद |
| ३२।०८१।३।२१ | बाख्रा प्रर्वद्धन कार्यक्रम | मेनोरा पर्पोज प्रा लि | २९४०००।०० | बोयर बाख्रा १ |
| ३३।०८१।३।२१ | बाख्रा प्रर्वद्धन कार्यक्रम | कपासे कृषि पशुपंछि तथा मत्स्यपालन | २८९०००।०० | बोयर बोका १ |
| ३८।०८१।३।२३ | दुग्ध प्रर्वद्धन कार्यक्रम | भाग्य दुग्ध उत्पादन प्रर्वधन कृषक समूह | ९२३०००।०० | गाई १० भैँसी ८ |
| ३९।०८१।३।२३ | माछा पालन प्रवर्धन कार्यक्रम | तामाकोशी कृषि तथा माछापालन कृषक समूह | ७८४०००।०० | प्लाष्टिक पोखरी पम्प हाउस, माछा |
| ४१।०८१।३।२४ | गाई भैसिं प्रवर्धन कार्यक्रम | ए वि सी फलफुले कृषि तथा पशुपालन | २९४०००।०० | जर्सि गाई |
| ४२।०८१।३।२४ | माछा पालन प्रवर्धन कार्यक्रम | कुखुरे खोला माछा पशुपन्छी तथा फलफुल फार्म | १९६०००।०० | भुरा खरिद, पोखरी निर्माण |
| ४३।०८१।३।२४ | गाई भैसिं प्रवर्धन कार्यक्रम | हातेमालो कृषि तथा पशुपालन कृषक समूह | ६८६०००।०० | गाई ७ , भैँसी ७ |

७१.२

**न्यायिक सहजकर्ताको पारिश्रमिक** – प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३६ मा स्वीकृत बजेटबाट खर्च गर्न अख्तियारी प्राप्त अधिकारीले स्वीकृत बजेटको सिमा भित्र रही सम्बन्धित खर्च शीर्षकमा पर्छ पर्दैन ध्यान दिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि अनुसार जुन आयोजना तथा कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही बमोजिम खर्च गर्नुपर्दछ । आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट २०८०।७ ।१४ मा न्यायिक सहजकर्ता (करार)को रुपमा छनौट भइ सिफारिस भएकी शारदा महतलाई नियुक्ति भएको २०८०।७ ।१७ देखि मात्र प्रदेश ससर्ततर्फबाट पारिश्रमिक भुक्तानी हुनुपर्नेमा २०८०।४।१ देखि २०८०।४।३२ सम्म डोर हाजिरमा लगाएको रकम आन्तरीक श्रोतवाट खर्च लेख्नुपर्नेमा प्रदेश ससर्तवाट लेखेकोले वढि खर्च लेखेको रकम आन्तरिक स्रोतबाट प्रदेश संचित कोषमा फिर्ता पठाउनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,३२६ |

७१.३ **बढी भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१.४ **चौतारा काभ्रेपानी हिले राउत गाउँ सडक योजना** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को उपनियम २(ख) मा भेरियसन परिमाणको पुष्टयाँइ र कारणको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गर्नु पर्ने व्यवस्था छ। ।त्यस्तै प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७ (८)मा भुक्तानी दिदाँ रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिने व्यवस्था रहेको छ । 01/TRM/NCB/Works/R/080-81 ठेक्काको लागत अनुमान रु.१९४८६३९४।९० मा स्वीकृत भई हर्क निर्माण सेवासँग रु.१०५२६८५१।८७ मा मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरि मिति २०८०।८।२० मा सम्झौता भएकोमा अन्तिम ठेक्का विल अनुसार रु.८६५४५९८।०० को कार्य भएकोमा कार्य स्वीकार/कार्यसम्पन प्रतिवेदन जारी भएको छ । यसरी ठेकेदारले कबोल गरेको अंक भन्दा १७।७९ प्रतिशत घटि कार्य हुदाँ पनि भेरियसन जारी गरेको नदेखिएकोले नियम सम्मत देखिएन । अन्तिम बिल अनुसार रु.८६५४५९८।०० बराबरको मुल्याकंन भएकोमा पालिकाको विभिन्न गौश्वारा (४,१३,४०,८४,२६०) बाट रु. ८६४४३९५ खर्च लेखिएकोमा ठेकेदारले पिएस तथा भ्याट सहित रु.८६२४६९३।०० को मात्र बिल पेस गरेको देखिएकोले बिल भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७०२ |

७१.५

**बैंक जमानत जफत** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ५३ को (७)बमोजिम कुनै बोलपत्रदाताको बोलपत्र जमानत जफत भएको अवस्थामा सम्बन्धित सार्वजनिक निकायले निजले राखेको जमानत रकम आफूलाई भुक्तानी गर्न त्यस्तो जमानत जारी गर्ने बैंक समक्ष जमानत मान्य अवधि भित्रै दाबि गर्नुपर्ने व्यवस्था छ । जनता स्कुल सेतापहरा थाम देउराली रोडको ठेक्का न 02/TRM/NCB/works/R/080-81को लागत अनुमान रु.१९४८६८११।०० मा स्वीकृत भई बोलपत्र आव्हान भएकोमा सबैभन्दा घटि विड गर्ने निसमन इन्टरनेशनलको विड सारभुत रुपमा प्रभावकारी देखि सम्झौताका लागि १५ दिन भित्र आईपुग्ने गरी मिति २०८०।०८।१० मा सूचना आव्हान गरेकोमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोले कार्यालयले निज व्यवसायिले रु.४८७०००।०० को राष्ट्रिय बाणिज्य बैंकबाट मिति ०८०।१०।२४ सम्म म्याद भएको ग्यारेन्टी न G23209000175 भएको विड सेक्युरीटीबाट जमानत जफत गर्नका लागि राष्ट्रिय वाणिज्य बैंक गाईघाटलाई च.नं ६५७।२०८०।८।२७ मा पत्र लेखेकोमा कुनै प्रतिक्रिया प्राप्त नभएको भनि पुन चं.नं१५८०।०८१।३।७ मा पत्राचार गर्दा पनि लेखापरीक्षणको अवधिसम्म पनि उक्त रकम जफत गरिएको कुनै प्रमाण पेस नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८७,००० |

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (प्रथम संशोधन) को दफा ६८ मा प्राप्त रकम पारिश्रमिकमा मा खर्च गर्ने व्यवस्था छ ।त्यस्तै दफा २७ मा अदक्ष कामदारको ज्याला सम्बन्धमा मात्र उल्लेख भएको र दक्ष कामदारको स्पष्ट व्यवस्था नहुँदा साझेदारीमा द्विविधा सिर्जना भएकोले नेपाल सरकारले (माननीय मन्त्रीस्तर)को मिति २०८०।११।०४ गतेको निर्णय अनुसार दक्ष श्रमिक, निर्माण सामाग्री, हाते औजार र सुरक्षा सामाग्री प्रचलित दररेट बमोजिम स्थानीय श्रोतबाट व्यहोर्ने गरी लागत साझेदारी गर्नुपर्ने कुरा उल्लेख छ ।यस पालिकाले दक्ष श्रमिकको पारिश्रमिक संघीय हस्तान्तरण अनुदानबाट रु.१४१५४६। भुक्तानी भएकोले सो भुक्तानी भएको रकम संघीय सञ्चित कोषमा दाखिला गरी प्रमाण पेस गर्नुपर्ने रु...

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिमलडाँडा मसार धोक्रेबारी छौंडे गोरेटो बाटो निर्माण योजना | | | | | | | | |
| गो.भौ.नं मिति | विवरण | भुक्तानी भएको | | | भुक्तानी हुनुपर्ने | | | गाउँपालिकाले व्यहोर्नु पर्ने रकम |
| | | दक्ष र अदक्ष | | | अदक्ष | | | |
| **२०८१/०३/१६** | | दर | परिमाण | रकम | दर | परिमाण | रकम | |
| | सिँढीको काम | ३६६७ | ७४ | २७२३३० | ३२८७ | ७४ | २४४१०८ | २८२२२।६० |
| मालुखोला डाँडागाउँ **पदमार्ग योजना** | | | | | | | | |
| **२०८१/०१/१३** | विवरण | भुक्तानी भएको | | | भुक्तानी हुनुपर्ने | | | गाउँपालिकाले व्यहोर्नु पर्ने रकम |
| | | दक्ष र अदक्ष | | | अदक्ष | | | |
| | | दर | परिमाण | रकम | दर | परिमाण | रकम | |
| | सिँढीको काम | ३५२९ | १५३ | ५३९५९२ | ३१४९ | १५३ | ४८१४८६ | ५८१०५।८० |
| अखौले ठाडो गल्लिसिँढि निर्माण योजना | | | | | | | | |
| **२०८१/०२/२७** | विवरण | भुक्तानी भएको | | | भुक्तानी हुनुपर्ने | | | गाउँपालिकाले व्यहोर्नु पर्ने रकम |
| | | दक्ष र अदक्ष | | | अदक्ष | | | |
| | | दर | परिमाण | रकम | दर | परिमाण | रकम | |
| | सिँढीको काम | ३११५ | ५६ | १७५३१२ | २१३५ | ५६ | १२००९४ | ५५२१८।४५ |
| संघीय सञ्चितकोषमा | | | | | | | | रु.१४१५४६। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| दाखिला गर्नुपर्ने रकम | | | | | | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,५४६ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरूजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै, बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा (४) बमोजिम कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ। पालिकाले पूर्वाधार विकास शाखाका कर्मचारीहरुको लागि कार्यपालिकाको २०८०।४।१४ को २५ औँ बैठकको निर्णय नं (झ) बमोजिम गाउँपालिकाको स्वीकृत योजनाहरुको, सर्भे, डिजाइन, लागत अनुमान निर्माण, सुपरभिजन र मुल्याङ्कन लगायतका कार्यहरुमा अतिरिक्त समय खटिनु पर्ने भएकोले सो शाखामा कार्यरत कर्मचारीहरुलाई प्राविधिक फिल्ड भत्ता वितरण कार्यविधि २०८० बनाई कन्टिन्जेन्सीबाट खर्च लेख्ने गरी शुरु तलब स्केलको बढीमा ४० प्रतिशतसम्म फिल्ड भत्ता उपलब्ध गराउने भन्ने निर्णय भए तापनि सो कार्यविधि स्वीकृत भएको पाइएन । यस वर्ष ११ जना प्राविधिक कर्मचारीलाई तलब स्केलको ४० प्रतिशत फिल्ड भत्ता नाम दिई विना कार्यसम्पादन मूल्यांकन जम्मा रु.१४९८२२७।००प्रोत्साहन भत्ता वितरण गरी खर्च गरेको देखिन्छ। पालिकाको आन्तरिक आय रु.१११८३०००।०० रहेकोमा कुल आयको १३.३९ प्रतिशत यस कार्यमा खर्च गरेको देखिन्छ। तथापि पालिकाले वार्षिक कार्यक्रमहरु घाटा बजेट व्यवस्थापन गरी सञ्चालन गरिरहेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन अनुसार कार्यसम्पादनसँग स्पष्ट सम्बन्ध देखिने गरी सूचक कायम गरी स्थानीय कानुन तथा कार्यविधि बनाउनु पर्नेमा सो नगरी खर्च गरेको फिल्ड भत्ता रकम रु.१४९८२२७।०० नियमसंगत देखिएन । प्रोत्साहन स्वरुप दिईने फिल्ड भत्ता एकमुष्ठ प्रतिशतको रुपमा वितरण नगरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको रुपमा कार्यसम्पादनसँग आबद्ध गरिनु पर्दछ । | 0.00 |
| २ | **निकासी कर**<br>पालिकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), बागमती प्रदेश सरकारको आर्थिक ऐन,२०८० को भाग (१) बमोजिम तामाकोशी गाउँपालिका भएर वहने तामाकोशी - खिम्तीखोला दोभान, तामाकोशी-ढोलीखोला दोभान र तामाकोशी गोपीखोला दोभान स्थानहरुवाट ढुङ्गा, गिट्टी, बालुवा,रोडा ढुङ्गा आदि उत्खनन् तथा निकासी कार्यका लागि बोलपत्र सम्बन्धी सूचना मिति ०८०।५।३१ मा पहिलो पटक र मिति ०८०।९।२५ मा पुन दोस्रो पटक सूचना आव्हान गरेकोमा कुनैपनि ठेक्का नलागेको जनाएको छ । त्यस पश्चात तेस्रो पटक पनि सूचना आव्हान गरे नगरेको सम्बन्धमा विवरण पेस भएन ।<br>पालिकाबाट मिति २०८०।४।२ मा २ जना कर्मचारी खटाई नगदी रसिदबाट रु२१७८४६६।०० र अनलाइनबाट रु१०७३९२ समेत जम्मा रु२२८५८५८।०० आम्दानी भएको देखिन्छ । पालिकाको उक्त ३ स्थानमा गरिएको सुचना अनुसार तामाकोशी – खिम्तीखोला दोभानमा ७२३३१५ क्यु फीट को रु ६५०९८३५।००, तामाकोशी-ढोलीखोला दोभानमा १३५१८४५ क्यु फिटको रु१२१६६६०५ र तामाकोशी गोपीखोला दोभानमा ४८६०७१ क्यु फुटको रु ४३७४६३९ गरी जम्मा रु२३०५१०७९मा १३ प्रतिशत भ्याट सहित रु.२६०४७७१९।२७ को ठेक्का आव्हान भएकोमा ठेक्का नपर्दा अमानतबाट रु २२८५८५८।०० सूचनाको ८.७७ प्रतिशत मात्र पालिकामा आम्दानी भएको देखिन्छ ।अतः पालिकाले IEE को परिधि भित्र रही निकासी कर संकलन गर्ने, समयमा नै ठेक्का आव्हान गर्ने, ढुङ्गा गिट्टी दहत्तर बहत्तरको अवैध चोरी निकासीमा नियन्त्रण गर्ने, अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउने, अमानतबाट सङ्कलन गर्ने कर्मचारीलाई प्रभावकारी ढंगले परिचालन गर्ने तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी निकासी कर सङ्कलन गर्ने तर्फ ध्यान दिनु पर्दछ । | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तामाकोशी गाउँपालिका, दोलखा , तामाकोशी गाउँपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वद्रीप्रसाद शर्मा वाग्ले | २०८०-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | नेत्रराज गिरी | २०७९-१०-२२ | २०८०-१२-१ |
| लेखा प्रमुख | राम बहादुर कार्कि | २०७९-७-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७८४,२११.५ | ८,५५४,९५७.३२ | १९,६८४,२८२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २९,०२३,४५०.८२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २०,३१३,५२०.८२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,७०९,९३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७२४१९१५५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३३५४२६५८ | **चालु खर्च** | ३४८३९२२३४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३६९०७५५५ | **पूँजीगत खर्च** | १६६६७९४५६ |
| **राजश्व बाँडफाँट** | ९४७३८०४५ | **वित्तीय/अन्य व्यवस्था** | १५४९४५४२४ |
| **आन्तरिक आय** | १११८३९८८ | | |
| **अन्य आय** | १६२००८६७२ | | |
| **कुल आय** | ६३८३८०९१८ | **कुल खर्च** | ६७००१७११४ |
| **बाँकी मौज्दात** | | ४०७८२९५९ | |

## अनुसूची - २

## बेरूजु दफा २५.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ व २०८०।८१मा अनुदान पाउने लाभग्राहीको विवरण :-

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **लक्ष्य** | **विनयोजित बजेट** | **खर्च** | **खर्च %** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | दुग्ध उत्पादन प्रवर्धन कार्यक्रम | १००% | ९,८८,००० | ९,४२,२४० | ९५.३७ | संघीय सरकार |
| २. | पशुपालन प्रवर्धन कार्यक्रम | १००% | १०,००,००० | ९,५९,५०० | ९५.९५ | संघीय सरकार |
| ३. | मासु प्रवर्धन कार्यक्रम (बाख्रा/भेडा/बंगुर लगायत) | १००% | १०,००,००० | २,०५,५०० | २०.५५ | संघीय सरकार |
| ४. | फलफुल प्रवर्धन कार्यक्रम | १००% | १०,००,००० | १०,००,००० | १०० | संघीय सरकार |
| ५. | गाईभैंसी प्रवर्धन कार्यक्रम | १००% | १०,००,००० | १०,००,००० | १०० | प्रदेश सरकार |
| ६. | कृषि तथा पशुपालन प्रवर्धन कार्यक्रम तामाकोशी-१ | १००% | १०,००,००० | ९,६३,००० | ९६.३० | प्रदेश सरकार |
| ७. | बाख्रापालन प्रवर्धन कार्यक्रम | १००% | १०,००,००० | ९,९७,००० | ९९.७० | प्रदेश सरकार |
| ८. | दुग्ध पदार्थ यान्त्रीकरण सहयोग कार्यक्रम तामाकोशी -३ | १००% | १०,००,००० | ८,५९,१९३ | ८५.९२ | प्रदेश सरकार |
| ९. | नर्सरी स्थापना तथा संचालन | १००% | ३,००,००० | १,३५,४५४ | ४५.१५ | स्थानीय तह |
| १०. | फलफुल खेती प्रवर्धन | १००% | ३,००,००० | २,७९,१४७ | ९३.०५ | स्थानीय तह |
| | जम्मा | | ८५८८००० | ७३४१०३४। | ८५.४८ | |

| हेफर प्रोजेक्ट तर्फको २०८०।८१ मा वितरित अनुदानको विवरण | | | | |
|---|---|---|---|---|
| अनुदान प्रकार | उपहार समूह | किसान | परिमाण | मूल्य |
| Buck PlaceMent | गणेश स्वावलम्बी समूह | लक्ष्मी कार्की | १ | ३४९१० |
| | मगरछाप स्वावलम्बी समूह | ईश्वरा कार्की | १ | ३४९१० |
| | बुद्धिदेवी स्वावलम्बी महिला समूह | गोविन्द प्रसाद काफ्ले | १ | ३४९१० |
| | सेतीदेवी स्वावलम्बी समूह | डम्बर कुमारी बस्नेत | १ | ३४९१० |
| | मखमली स्वावलम्बी महिला समूह | विमला वि क | १ | ३४९१० |
| | सेतीदेवी स्वावलम्बी समूह वडा २ | टिका कार्की | १ | ३४९१० |
| | सिमबारी स्वावलम्बी महिला समूह | रामप्यारी कार्की | १ | ३४९१० |
| | लालीगुराँस स्वावलम्बी समूह | मनमाया तामाङ | १ | ३४९१० |
| | सरस्वती महिला स्वावलम्बी समूह | सितामाया तामाङ | १ | ३४९१० |
| | मिलीजुली स्वावलम्बी समूह | निर्मला ओझा | १ | ३४९१० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | नुनथला स्वावलम्बी समूह | कोपिला बुढाथोकी | १ | ३४९१० |
| | नमुना महिला स्वावलम्बी समूह | टंक कुमारी कटवाल | १ | ३४९१० |
| | रुप्से स्वावलम्बी समूह | सुमित्रा महत | १ | ३४९१० |
| | राधाकृष्ण स्वावलम्बी महिला समूह | सावित्री महल | १ | ३४९१० |
| | लालीगुराँस स्वावलम्बी समूह | विश्वदेवी पोखरेल | १ | ३४९१० |
| | जनज्योति स्वावलम्बी महिला समूह ख | सुनिता तामाङ | १ | ३४९१० |
| | गैरीगाउँ स्वावलम्बी समूह | देविका भण्डारी | १ | ३४९१० |
| | ढुंगेश्वरी स्वावलम्बी समूह | भगवती पोखरेल | १ | ३४९१० |
| | सुनौलो स्वावलम्बी समूह | सोविता कार्की | १ | ३४९१० |
| | रमाइलो स्वावलम्बी महिला समूह | लक्ष्मी खड्का | १ | ३४९१० |

| | | | | |
|---|---|---|---|---|
| | तोरीस्वरा स्वावलम्बी महिला समूह | बिन्दा कार्की | १ | ३४९१० |
| | रक्तमाला स्वावलम्बी महिला समूह | कुमारी राइ महत | १ | ३४९१० |
| | लालीगुराँस स्वावलम्बी समूह | तारा पोखरेल मिजार | १ | ३४९१० |
| | कोटगाउँ स्वावलम्बी महिला समूह | गोमा खड्का | १ | ३४९१० |
| | माथील्लो गैरीगाउँ स्वावलम्बी महिला समूह | इन्दिरा खड्का | १ | ३४९१० |
| | आहाले स्वावलम्बी महिला समूह | मिना श्रेष्ठ खड्का | १ | ३४९१० |
| | रातमाटा स्वावलम्बी महिला समूह | सरस्वती अधिकारी खड्का | १ | ३४९१० |
| | कालिका देवी स्वावलम्बी महिला समूह | शान्ता लक्ष्मी श्रेष्ठ | १ | ३४९१० |

| | | | | |
|---|---|---|---|---|
| | माथिल्लो जगदम्बिका स्वावलम्बी महिला समूह | सितादेवी खड्का | १ | ३४९१० |
| | सिद्धादेवी स्वावलम्बी महिला समूह | मनामाया खड्का | १ | ३४९१० |
| | कालीदेवी स्वावलम्बी महिला समूह | माया फुयाल | १ | ३४९१० |
| | ओखरबोट स्वावलम्बी महिला समूह | प्रमिला भुजेल | १ | ३४९१० |
| | भँगेरी स्वावलम्बी महिला समूह | सुशिला खड्का | १ | ३४९१० |
| | पिपलबोट स्वावलम्बी महिला समूह | गोमा खड्का | १ | ३४९१० |
| | पानीघाट स्वावलम्बी महिला समूह | शिवमाया श्रेष्ठ | १ | ३४९१० |
| | इन्द्रावती स्वावलम्बी महिला समूह | सुस्मा सुवेदी | १ | ३४९१० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | जाल्पादेवी स्वावलम्बी महिला समूह | कमला कार्की | १ | ३४९१० |
| | कालीमाटी स्वावलम्बी महिला समूह | सुस्मिता फुयाल | १ | ३४९१० |
| | गफ्ले स्वावलम्बी महिला समूह | विष्णु फुयाल | १ | ३४९१० |
| | सेतीदेवी स्वावलम्बी महिला समूह | निर्मला फुयाल | १ | ३४९१० |
| | ज्वालादेवी स्वावलम्बी महिला समूह | मैया फुयाल | १ | ३४९१० |
| | उजेली स्वावलम्बी महिला समूह | बिमला बस्नेत | १ | ३४९१० |
| | सुनाखरी स्वावलम्बी महिला समूह | सावित्री खड्का | १ | ३४९१० |
| | मेहनतशील स्वावलम्बी महिला समूह | यसोदा फुयाल | १ | ३४९१० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | प्रगतिशील स्वावलम्बी महिला समूह | गिता फुयाल | १ | ३४९१० |
| | सम्झना स्वावलम्बी महिला समूह | मन्जु फुयाल | १ | ३४९१० |
| | सयपत्री स्वावलम्बी महिला समूह | चन्द्र कुमारी सुनुवार | १ | ३४९१० |
| | देउराली स्वावलम्बी महिला समूह | धन कुमारी सुनुवार | १ | ३४९१० |
| | परीवर्तनशील स्वावलम्बी महिला समूह | लिला माया मगर | १ | ३४९१० |
| | सक्रिय स्वावलम्बी महिला समूह | छिरिन्जोमा शेर्पा | १ | ३४९१० |
| Large Animal Shed Construction | भिमेश्वर स्वावलम्बी समूह | सिता बुढाथोकी | १ | १०००० |
| | सक्रिय स्वावलम्बी महिला समूह | सुशीला के सी | १ | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | " "" | दुर्गामाया के सी | १ | १०००० |
| | """ | पदम कुमारी थापा | १ | १०००० |
| | पारीजात स्वावलम्बी समूह | मिश्री कार्की | १ | १०००० |
| | | अनिता कार्की | १ | १०००० |
| | कालीदेवी स्वावलम्बी महिला समूह | सिता कार्की | १ | १०००० |
| | " | प्रभादेवी कार्की | १ | १०००० |
| | नमुना महिला स्वावलम्बी समूह | राधिका कार्की | १ | १०००० |
| | सयपत्री स्वावलम्बी महिला समूह | धनमाया कार्की | १ | १०००० |
| | """ | सम्झना कार्की | १ | १०००० |
| | "" | रेणु मिजार | १ | १०००० |
| | "" | मखमली बि क | १ | १०००० |
| | कालीपोखरी स्वावलम्बी महिला समूह | सिता पोखरेल | १ | १०००० |
| | "" | मैया खड्का | १ | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | बकैनीडाँडा स्वावलम्बी समूह | पम्फा पोखरेल | १ | १०००० |
| | इकता स्वावलम्बी महिला समूह | दुर्गामाया कार्की | १ | १०००० |
| | नुनथला स्वावलम्बी समूह | लक्ष्मी कार्की | १ | १०००० |
| | कालापानी स्वावलम्बी महिला समूह | सर्मिला पोखरेल | १ | १०००० |
| | कोटगाउँ स्वावलम्बी महिला समूह | गोमा खड्का | १ | १०००० |
| | "" | देवकी खड्का | १ | १०००० |
| | "" | मोहन कुमारी खड्का | १ | १०००० |
| | माथिल्लो गैरीगाउँ स्वावलम्बी महिला समूह | मनोज भुजेल | १ | १०००० |
| | "" | लक्ष्मी खत्री | १ | १०००० |
| | Bahundi स्वावलम्बी महिला समूह | ध्यान कुमारी पोखरेल | १ | १०००० |
| | गोल्मेश्वर स्वावलम्बी महिला समूह | गीता सार्की | १ | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | "" | कल्पना खत्री | १ | १०००० |
| | "" | सुन्तली खत्री | १ | १०००० |
| | सेतीभूमि स्वावलम्बी महिला समूह | निर्मला खड्का | १ | १०००० |
| | "" | पार्वती खड्का | १ | १०००० |
| | "" | विष्णुमाया खड्का | १ | १०००० |
| | "" | कल्पना खड्का | १ | १०००० |
| | गोगनटार स्वावलम्बी महिला समूह | गंगामाया चौलागाईँ | १ | १०००० |
| | "" | भक्तमाया चौलागाईँ | १ | १०००० |
| | "" | सोमकुमारी खत्री | १ | १०००० |
| | गणेशथान स्वावलम्बी महिला समूह | दीर्घमाया के सी | १ | १०००० |
| | चिउरीबोट स्वावलम्बी महिला समूह | यामकुमारी खड्का | १ | १०००० |
| | त्रिकुटेश्वर स्वावलम्बी महिला समूह | सितामाया फुयाल | १ | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | "" | हर्षमाया सुवेदी | १ | १०००० |
| | "" | गोमा फुयाल | १ | १०००० |
| | "" | गोमा खड्का फुयाल | १ | १०००० |
| | पोखरे स्वावलम्बी महिला समूह | पार्वती खड्का | १ | १०००० |
| | "" | भिमादेवी सुवेदी | १ | १०००० |
| | मिलीजुली स्वावलम्बी समूह | शान्ती देवी सुनुवार | १ | १०००० |
| Small Animal Shed Construction | सबै समूह | | ९१ | १४२५५०० |
| CornorStone Training | सबै समूह | | ९१ | ११२०६६५ |
| Iam Training OG | सबै समूह | | १५ | १२९१८७ |
| Iam Training POG | सबै समूह | | ६४ | ४६५६४३ |
| LSD Vaccine | सबै समूह | | ५२२५ | ६२७००० |
| AI Training | सबै समूह | | १ | ४२३१८ |
| Cave Material | | | | |

| | | | | |
|---|---|---|---|---|
| | सबै समूह | | ७ | २१०००० |
| CAVE Medicine | सबै समूह | | ७ | २१०००० |
| weiging Balance Machine | सबै समूह | | १४ | २०९७७३ |
| Resource Person | सबै समूह | | | २४०४०० |
| Fooder forage seed sapling Support | सबै समूह | | | ३५६६८६ |
| Vegetable seed support | सबै समूह | | | ५०५१४० |
| PMCC Meeting Ward/ Palika level | सबै समूह | | | ८४७९८ |
| CAVE Training | सबै समूह | | ५ | ४४४७४५ |
| जम्मा | | | | ८२५७३५५ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।